# प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक ३५० काठमाडौं मंगलबार, ०२ वैशाख २०८२ Prabhab National Daily Tuesday, April 15, 2025 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–




**स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं**

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूर्जीमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं, अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# दाहालको अभिव्यक्तिले सत्ता राजनीतिमा हलचल



- सरकार परिवर्तन हुने दाहालको संकेत
- तराई-मधेस अभियानको क्रममा भने सरकारमा नजाने भनाइ फेरि सरकार परिवर्तन हुने अभिव्यक्ति सार्वजनिक
- कांग्रेस नेतृत्वमा सरकार बने सरकारमा सहभागी भएर सहयोग गर्ने भनाइ
- दाहालको अभिव्यक्ति सत्तामा नहुँदाको पीडाबोध भएको एमालेको टिप्पणी

■ जेबी योञ्जन

**काठमाडौं–** प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भरतपुर पुगेर नयाँ वर्षसँगै सरकार फेरिने अभिव्यक्ति दिए । गठबन्धनको दुई मुख्य दल कांग्रेस-एमालेबीचमा सार्वजनिकरूपमै तिक्तता बढिरहँदा आएको दाहालको अभिव्यक्तिले सत्ता राजनीतिमा हलचल पैदा गऱ्यो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको दल एमालेले त सोमबार बैठक बसेर सरकार नढल्ने प्रस्टीकरण नै दिनुपऱ्यो । दाहालको अभिव्यक्तिलाई सत्तामा नहुँदाको पीडाबोध भन्दै सरकार ढल्ने उनको अभिव्यक्ति खारेजसमेत गरिदियो ।

दाहालले चितवनमा भनेका थिए, 'नयाँ घटनाक्रमहरू विकसित भएको र मेरो नयाँ अनुभवका आधारमा नयाँ वर्षमा नयाँ सरकार बन्ने सम्भावना देख्छु ।' ओली सरकार धेरै अगाडि नजाने उनको ठोकुवा थियो ।

दाहालले सरकार ढल्ने दाबी गरिरहेकै बेला सोमबारमात्रै कांग्रेस सहमहामन्त्री जीवन परियारले प्रधानमन्त्री ओलीलाई पत्र पठाउँदै जनअपेक्षाकृत काम गर्न नसकेको विषयमा असन्तुष्टि प्रकट गरेका थिए । कांग्रेस महामन्त्रीहरू गगन थापा, विश्वप्रकाश शर्मादेखि नेता डा. शेखर कोइरालासहितका नेताहरू सरकारको आलोचनामा छन् । दुईतिहाइको बलियो सरकारले जनतामा आशा जगाउनेगरी काम गर्न नसकेको उनीहरूले सार्वजनिकरूपमै टिप्पणी गर्दै आएका छन् । यहीबेला माओवादी अध्यक्ष दाहालले ओली सरकार ढलेर नयाँ बन्ने बताए ।

गत फागुनको अन्तिम साता तराई-मधेस जागरण अभियानको क्रममा भने उनले २०८४ सम्म प्रधानमन्त्री बन्ने दौडमा नभएको बताएका थिए । सत्तातिर भन्दा पनि आफू जनतातिर फर्केको उनको भनाइ थियो । माओवादी सत्ता राजनीतिमा आएपछि केही फोहोर लागेको र जनतामाझबाट धोइपखाली गरेर जान जनतामाझ आएको बताएका थिए ।

तराई-मधेस जागरण अभियानका क्रममा सत्ताबाट टाढा रहने भन्ने दाहालको पछिल्लो अभिव्यक्तिले भने उनी सत्ता वरिपरि घुमिरहेको प्रस्टयाउने राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटर बताउँछन् । 'सत्तामा जाने दलहरूको मिसन नै हुन्छ तर कहिले जाने वा नजाने त्यसको वस्तुवादी ढंगले विश्लेषण गर्न दलहरू चुक्न हुँदैन । अहिले दाहालजीको अभिव्यक्तिलाई हेर्दा सरकारमा जान तम्तयार भएको देखिन्छ,' उनले प्रभावसँग भने, 'उनले सरकारमा जाने नजाने भन्ने माहोल हेरेर बोल्छन् ।'

दाहालले हालै एक टेलिभिजनमा अन्तर्वार्ताको क्रममा पनि कांग्रेस नेतृत्वमा सरकार बने सहभागी हुने संकेत गरेका थिए । 'तत्कालको कुरा नेपाली कांग्रेसले विकल्प दिनुपर्छ । देशमा संकटको स्थितिजस्तो देखापरेको छ । यसको निकास दिन सबभन्दा ठूलो दलको नाताले पनि, शान्ति सम्झौताको हस्ताक्षरकर्ता दलको नाताले पनि नेपाली कांग्रेसले निकास दिन आँट गर्नुपर्छ,' उनले भने । दाहालले कांग्रेसलाई माओवादीको सहयोग रहने पनि प्रस्ट पारे ।

क्रमशः पृष्ठ २ मा

सत्तारूढको सवालजवाफ

## असन्तुष्ट कांग्रेसलाई एमालेको जवाफ-

# संयन्त्रका साथीहरूले संयन्त्रमै छलफल गरौं

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमाले सत्ता साझेदार दल हुन् । यद्यपि पछिल्लो दिन कांग्रेस नेताहरूले सरकारको काम गराईप्रति असन्तुष्टि पोख्न थालेका छन् ।

गत मंगलबार गुल्मी पुगेर कांग्रेस महामन्त्री गगन थापाले जनताले अपेक्षा गरेअनुसारको उपलब्धि सरकारले दिन नसकेको दाबी गरे । यही कारण जनतामा असन्तुष्टि छाएको थापाको तर्क थियो । 'नागरिकमा असन्तुष्टि छ । असन्तुष्टि किन छ भने, २० वर्ष नागरिकले प्रतीक्षा गऱ्यो । २०६० सालदेखि २०८० साल भनेको २० वर्ष भयो । यो भित्रमा जति छिटो परिणाम आउनुपर्थ्यो । त्यो परिणाम आउन सकेन । नागरिकमा ठूलो बेचैनी र असन्तुष्टि देखिन्छ,' थापाले भने ।

थापाले सरकारले गरेको कामको गति नै नमिलेको ठोकुवा गरेका थिए । 'कामको गति मिलिरहेको छैन । सरकार जुन गतिमा जानुपर्ने हो, गति भएन, गति पुगेन । म जुन ठाउँमा बसेर काम गरिरहेको छु,' थापाले भने । थापा अहिले संयुक्त सरकार सञ्चालनको संयन्त्रमा पनि छन् ।

उनीमात्र हैनन् कांग्रेस नेता डा. शेखर कोइरालाले यसको निरन्तर विरोध जनाइरहेका छन् । संस्थापनइतरका नेता कोइरालाले सोही दिन चितवन पुगेर दुई ठूला पार्टीले चलाएको सरकारमा विचौलियाको बिगबिगी हुन थालेको बताए । 'दुई ठूला पार्टी मिलेर देश राम्रोसँग चलाउनुपर्छ भन्ने पक्षमा पनि थिए तर सरकार जसरी चल्नु पर्दथ्यो त्यसरी चल्न सकेन,' डा. कोइरालाले भने ।

सत्तारुढ दलकै नेताहरूले लगातार असन्तुष्टि जनाउन थालेपछि सत्ता



सरकारको कामको गति मिलिरहेको छैन । सरकार जुन गतिमा जानुपर्ने हो, गति भएन, गति पुगेन ।

■ गगन थापा
महामन्त्री, नेपाली कांग्रेस



सरकार प्रभावकारी होस्, गति बढाओस् भनेर आउने टीकाटिप्पणीलाई हामीले सकारात्मक रुपमै लिएका छौं । अन्यथा लिएका छैनौं ।

■ प्रदीप ज्ञवाली
उपमहासचिव, नेकपा एमाले

साझेदारी दल नेकपा एमालेले अरुलाई मात्र औंला ठड्याएर नहुने जवाफ दिएको छ । यद्यपि, सरकारले प्रभावकारी काम गरोस् भनेर आउने टिप्पणीलाई एमालेले सहर्ष स्वीकार गर्ने एमाले उपमहासचिव प्रदीप ज्ञवालीको भनाइ थियो ।

एमालेको मुख्यालय च्यासलमा सोमबार सम्पन्न केन्द्रीय सचिवालय बैठकपछि ज्ञवालीले संयन्त्रका सदस्यले संयन्त्रमै कुरा राख्दा राम्रो हुनेसमेत सुझाए । 'सरकारको प्रभावकारी होस् गति बढाओस् भनेर आउने टिकाटिप्पणीलाई हामीले सकारात्मक रूपमै लिएका छौं । त्यसलाई अन्यथा लिएका छैनौं । संयन्त्रका साथीहरूले संयन्त्रमै छलफल गर्दा राम्रो । हामीले अनेकौं तहमा संयन्त्र बनाएका छौं । त्यो असल मनसायका साथ भनेको होला भन्ने बुझेका छौं,' उनले भने । कांग्रेस महामन्त्री थापा सरकार सञ्चालनका लागि गठन भएको राजनीतिक संयन्त्रमा छन् ।

यता प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र भने हरेकजसो समय सरकारमा बसेकोले आफैं बढी सरकारमा बसेर जवाफदेही हुन नसकेको बताएका छन् । '०६३ साल मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भइसकेपछि, यो १८ वर्षमा सबैभन्दा बढी सरकारमा कोही बसेको छ भने त्यो माओवादी नै हो । सबैभन्दा कम बसेको एमाले हो । बीचमा भएको नेपाली कांग्रेस हो । माओवादी प्रतिपक्षमा भनेको माधव नेपाल नेतृत्वको सरकारको २० महिना, नेकपा विभाजनको केही महिना र अहिले नै हो,' ज्ञवालीले भने, 'र, अधिकांश समय आफैं सरकारमा बस्ने, अनि सरकारले काम गरेन भनेर अरुलाई मात्रै औंला ठड्याएर हुन्छ ? आफूलेचाहिँ जवाफदेहीता लिनुपर्दैन ? जो सबैभन्दा बढी सरकारमा बस्छ उसलेचाहिँ जिम्मेवारी लिनु नपर्ने हो ?'

उनले कांग्रेस नेताहरूको असन्तुष्टिमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले खेल्न खोजेको बताए । चैत मसान्तमा मात्र दाहाल चितवन पुगेर कांग्रेस नेतृत्वमा सरकार बन्ने बताएका थिए । 'नयाँ घटनाक्रम विकसित भएकाले देश नयाँ सरकार बन्ने दिशातर्फ अघि बढेको छ । अहिलेको नयाँ अनुभवका आधारमा ठूलो दल कांग्रेसको नेतृत्वमा सरकार बन्नुपर्छ,' दाहालले भनेका थिए । उसो त दाहालले सरकार छिट्टै ढल्ने अभिव्यक्ति दिन थालेको गत भदौबाटै हो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# संघको नयाँ कार्यसमितिले सम्हाल्यो पदभार

■ विविशा पौडेल

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिले सोमबार पदभार ग्रहण गरेको छ । नयाँ वर्षकै दिन पारेर नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङसहितको टिमले सिफलस्थित संघको कार्यालयमा पदभार ग्रहण गरेको हो ।

संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले नयाँ कार्यसमितिलाई कार्यालयमा स्वागत गर्दै पद हस्तान्तरण गरेका थिए । भण्डारीले संघको भवन खरिदका क्रममा असहमति जनाउनेलाई यही भवनमा स्वागत गर्न पाइयो भन्दै नवनिर्वाचित अध्यक्ष गुरुङलाई व्यंग्यसमेत गरे । उनले आफ्नै प्रशासनिक भवनमा बसेर काम गर्ने अवसर पाएको भन्दै नयाँ कार्यसमितिलाई बधाई दिए ।

'प्रतिपक्षमा हुँदा असहमत जनाउनुभयो तर पनि भवन किन्न सम्भव भयो । त्यसकारण राम्रो कामका लागि विरोध गर्न नहुने शिक्षा पनि प्राप्त भएको छ,' निवर्तमान अध्यक्ष भण्डारीले भने । उनले आफ्नो कार्यकालमा वैदेशिक रोजगार महिला संघ गठन गर्न सफल भएको पनि बताए । आफू कार्यकक्षबाट बाहिरिए पनि आवश्यक परे संघलाई सहयोग गर्ने प्रतिबद्धतासमेत भण्डारीले जनाए ।

पदबहाली समारोहमा अध्यक्ष गुरुङले वैदेशिक रोजगार क्षेत्रलाई पारदर्शी, मर्यादित र व्यवस्थित बनाउने आफ्नो प्रमुख लक्ष्य रहेको बताए । उनले सिण्डिकेट अन्त्य, सय संख्याको प्रावधान खारेजी, सेवा शुल्क परिमार्जन र व्यवसायीहरूको हितमा नीतिगत सुधार ल्याउने योजना सार्वजनिक गरे । गुरुङले साना व्यवसायीहरूको संरक्षण आफ्नो प्राथमिकतामा रहेकोसमेत उल्लेख गरे ।

क्रमशः पृष्ठ २ मा



प्रतिपक्षमा हुँदा असहमत जनाउनुभयो तर पनि भवन किन्न सम्भव भयो । त्यसकारण राम्रो कामका लागि विरोध गर्न नहुने शिक्षा पनि प्राप्त भएको छ ।

■ राजेन्द्र भण्डारी
निवर्तमान अध्यक्ष

सिण्डिकेट अन्त्य, सय संख्याको प्रावधान खारेजी, सेवा शुल्क परिमार्जन र व्यवसायीहरूको हितमा नीतिगत सुधार ल्याउने काममा मासिक क्यालेण्डर बनाएर काम गर्ने योजना छ ।

■ भुवनसिंह गुरुङ
अध्यक्ष

## वैदेशिक रोजगारीका नाममा लाखौं ठगी, दुई जना पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै लाखौं ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । नेपाल प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

कार्यालयका अनुसार मोरङ घर भएका ईश्वर पोखरेललाई चैत २९ गते काठमाडौंबाट पक्राउ गरिएको छ । उनले क्यानाडा पठाइदिन्छु भनी एक जनाबाट १० लाख ५१ हजार रूपैयाँ ठगी गरेको पाइएको प्रहरीको भनाइ छ ।

यसैगरी चैत ३० गते इलामका श्याम खड्कालाई ललितपुरबाट पक्राउ गरिएको कार्यालयले जानकारी दिएको छ । खड्काले रोजगारीका लागि बेलायत पठाइदिने प्रलोभन देखाएर दुई जनाबाट ३६ लाख रूपैयाँ ठगी गरेको कार्यालयद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

कार्यालयले पक्राउ परेका दुवै आरोपीलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागलाई बुझाएको जानकारी दिएको छ ।


जनहितमा जारी सन्देश

**हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं**

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



**१२ वर्षे जात्रा शुभारम्भ** | राष्ट्रपति रामचन्द्र पौडेल नयाँ वर्ष २०८२ को पहिलो दिन सोमबार काठमाडौंको नागार्जुन नगरपालिका–३ हल्चोकस्थित हल्चोक आकाश भैरवको १२ वर्षे जात्रा शुभारम्भ गर्दै । *तस्बिरः राष्ट्रपतिको कार्यालय*

# प्रधानमन्त्रीलाई कांग्रेस सहमहामन्त्री परियारको खुलापत्र

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले नेपाल शिक्षक महासंघको आन्दोलनका माग सम्बोधन गर्न सरकारसँग आग्रह गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोमबार खुलापत्र लेख्दै उनले शिक्षकका माग सम्बोधन गर्न आग्रह गरेका हुन् ।

सरकार किन गम्भीर हुँदैन, के शिक्षकको शालीनतालाई कमजोरीका रूपमा त हेरिएको होइन ?,' सहमहामन्त्री परियारले प्रश्न गर्दै खुलापत्रमा लेखेका छन्, 'यदि सरकारले एक-दुई दिनभित्र आन्दोलनका माग समाधान नभएमा कांग्रेसले पनि यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्दछ भनेर मेरो पार्टीसँग समेत जोडदार माग रहने छ ।'

महासंघले विगत वर्षदेखि चरणबद्ध आन्दोलन गर्ने क्रममा गत चैत २० गतेदेखि काठमाडौं केन्द्रित सडक आन्दोलन गरिरहेको छ । विगतमा महासंघसँग सरकारले पटक-पटक सम्झौता गरेको विषय स्मरण गराउँदै प्रतिनिधिसभा सदस्य परियारले जायज मागमा कांग्रेसको समर्थन रहेकोसमेत खुलापत्रमा उल्लेख गरेका छन् । 'पार्टीको तर्फबाट अनौपचारिकरूपमा सरोकार भएका मन्त्रीसँग बारम्बार छलफल भएको छ । तथापि आजसम्म कुनै नतिजा नआउनु अत्यन्तै दुःखद् पक्ष हो,' उनले भनेका छन् ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८२/०१/०२ को प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः अटो प्रदेश प्रा. लि.** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २०८८८२/०७५/०७६, दर्ता मितिः २०७५/११/०६, स्थायी लेखा नं.: ६०६६७७१७०, ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ९ ।

**सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः**

**क. नारायण घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१७४०८ (२०५७/०५/१९/रूपन्देही), बाजेको नामः घनश्याम, बाबुको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**ख. सितल घर्तिः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २७४०२ (२०६१/१०/०८/रूपन्देही), बाजेको नामः छबिलाल, बाबुको नामः बिर बहादुर घर्ति, ठेगानाः रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. २ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. बिष्णु माया घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८२२ (२०६०/०१/१५/रूपन्देही), बाबुको नामः छविलाल पंगेनी, ससुराको नामः कुलानन्द घिमिरे, पतिको नामः नारायण घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**ख. जमुना देवी घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/१३४९० (२०४५/११/१५/रूपन्देही), बाबुको नामः गुनाखर बस्याल, ससुराको नामः घनश्याम, पतिको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**२. ऋणीको नामः नारायण घिमिरे** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१७४०८ (२०५७/०५/१९/रूपन्देही), बाजेको नामः घनश्याम, बाबुको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. बिष्णु माया घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८२२ (२०६०/०१/१५/रूपन्देही), बाबुको नामः छविलाल पंगेनी, ससुराको नामः कुलानन्द घिमिरे, पतिको नामः नारायण घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**ख. जमुना देवी घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/१३४९० (२०४५/११/१५/रूपन्देही), बाबुको नामः गुनाखर बस्याल, ससुराको नामः घनश्याम, पतिको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**३. ऋणीको नामः बिष्णु माया घिमिरे** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८२२ (२०६०/०१/१५/रूपन्देही), बाबुको नामः छविलाल पंगेनी, ससुराको नामः कुलानन्द घिमिरे, पतिको नामः नारायण घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. जमुना देवी घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/१३४९० (२०४५/११/१५/रूपन्देही), बाबुको नामः गुनाखर बस्याल, ससुराको नामः घनश्याम, पतिको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**ख. नारायण घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१७४०८ (२०५७/०५/१९/रूपन्देही), बाजेको नामः घनश्याम, बाबुको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**माथि उल्लेखित तिननै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
गुनाखर बस्यालको छोरी, घनश्यामको बुहारी, कुलानन्द घिमिरेको पत्नी, रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ बस्ने **जमुना देवी घिमिरे**को नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा., वडा नं. ९/क स्थित कि.नं. ९३ र ६२१ को क्षेत्रफल क्रमश ०५२.५२२ ब.मि. र ०-५-५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


पृष्ठ १ बाट क्रमशः

## दाहालको...

'नेपाली कांग्रेसको जस्तो चाहना हुन्छ, त्यहीअनुसार माओवादी केन्द्रले सहयोग गर्छ । यो कुरा एकदम क्लियर हो । नेपाली कांग्रेसले बाहिरबाट सपोर्ट गर्देऊ भन्यो भने हामी तयार छौं । सरकारमा आएर सपोर्ट गर भनेर कांग्रेसले भन्यो भने पनि उहाँहरूको भनाइअनुसार नै हुन्छ ।'

तर, उनको त्यही आशयको अभिव्यक्तिलाई आधार मानेर लेखिएका समाचारहरूको खण्डन गरेका थिए । सरकारमा जाने नीति नभएको उल्लेख गरेका थिए । उनले हालै काठमाडौंमा आयोजित एक कार्यक्रममा भने, 'हामीले अहिले सरकारमा जाने कुनै नीति लिएका छैनौं, लिँदैनौं । देशमा संकट आयो भने कसरी समाधान गर्ने भनेर विचार त दिन्छौं, तर यही सरकारमा जाने हाम्रो कुनै नीति छैन । बाँकी प्रचार भ्रम हो ।'

दाहाललाई कांग्रेस-एमाले सरकार ढाल्न जोडबल गरिरहेको आरोप लाग्ने गरेको छ । त्यसका लागि दक्षिणको शक्तिलाई विश्वासमा लिन खोजेको भूराजनीतिकवृत्तमा चर्चा पनि हुने गरेको छ । यस्तोमा सत्तालक्षित एकपछि अर्को सार्वजनिक उनका अभिव्यक्ति भने मेल खाने खालको छैन । राजनीतिक विश्लेषक पिटर माहोलअनुसार दाहालको बोली आउने गरेको बताउँछन् ।

■■■

## संयन्त्रका साथीहरुले...

दाहालको बोली सत्ताबाहिर हुँदाको कुण्ठा र पीडा भएको एमालेको निचोड छ । 'प्रचण्डले फेरि सरकार परिवर्तनको हल्ला गरिरहनुभएको छ । यो सरकार बाहिर हुँदाको कुण्ठा र पीडाबोध प्रकट हुन्छ । अहिले सरकार परिवर्तन न कतैबाट सम्भवन र सान्दर्भिकता छ न औचित्य छ,' एमाले उपमहासचिव ज्ञवालीले भने, 'राष्ट्रिय राजनीतिको यावत् कुरा छाडेर सरकार परिवर्तनको कुरामात्र गर्नु भनेको सत्ता मोहबाहेक केही होइन । भ्रम सिर्जना गर्ने कोसिस भएको छ त्यसलाई हामीले खण्डन गरेका छौं ।'

■■■

## संघको नयाँ...

संघको गएको चैत २९ गते सम्पन्न ३१औं साधारणसभाबाट गुरुङ नेतृत्वको कार्यसमिति निर्वाचित भएको हो । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त प्यानलबाट गुरुङ अध्यक्षमा निर्वाचित भएका हुन् । उनले प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, लोकतान्त्रिक एसोसिएसनका असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त व्यावसायिक प्यानलबाट अध्यक्षमा उठेका नरेश गेलाललाई ६१ मतान्तरले पराजित गरेका थिए ।

गुरुङले यसअघि द्वितीय उपाध्यक्ष पदमा रहेर संघमा काम गरिसकेका छन् । गुरुङ म्यानेजमेण्ट ओभर्सिज प्रालिका सञ्चालक गुरुङ दुई दशकभन्दा बढी समयदेखि यो पेसामा संलग्न छन् । उनले व्यवसायीको हितमा चौबीसै घण्टा खट्ने प्रतिबद्धता जनाएका थिए ।

गुरुङ नेतृत्वको नयाँ कार्यसमितिमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, तृतीय उपाध्यक्षः बैकुण्ठप्रसाद पौडेल, महासचिव महेशकुमार बस्नेत, सचिव कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्ष धनमाया सिञ्जाली रहेका छन् ।

यसैगरी सदस्यहरूमा रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, राज लामा तामाङ, सुवर्ण लामा, हेमा गुरूङ, रमा खड्का, देवीप्रसाद गिरी, सुमनराज पाण्डे र विद्यालक्ष्मी बज्राचार्य रहेका छन् ।

## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


मंगलबार, ०२ वैशाख, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मिथुन** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **कर्कट** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **सिंह** | रोकिएका काम सम्पादन हुनेछ । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **वृश्चिक** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कुम्भ** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२ वैशाख, २०८२ (१५, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रैन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## बिस्का जात्राको रौनक

# ढालियो ५५ हात लामो लिंगो



■ प्रभाव संवाददाता

**भादगाउँ-** भक्तपुरको प्रसिद्ध बिस्का जात्राको पाँचौं दिन सोमबार भेलुखेलस्थित यसीँख्योमा ५५ हात लामो यसीद्यः (लिंगो) ढाल्ने जात्रा सम्पन्न भएको छ। पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको अघिल्लो दिन उठाएको योसिंद्यःलाई तान्त्रिक विधिपूर्वक पूजाआजा गरी सोमबार साँझ ६ बजेर ३२ मिनेटमा ढालिएको हो।

भैरवनाथको प्रतीक मानिने योसिंद्यःमा बाँधिएको अष्टमात्रिकाको प्रतीक आठवटा डोरी फुकाएर सबैतिर तानातान गरी ढाल्ने परम्परा छ। योसिद्यःको जात्रा सम्पन्न भइसकेपछि तलेजुमा दुमाजुको विशेष पूजाआजा गरी यसीँख्योमा रहेको भैलखः र भद्रकालीको रथलाई गःहिटि पुऱ्याइ रथ जुधाउने जात्रा गर्ने परम्परा छ।

यो जात्रा हेर्नाले सुख, समृद्धि, सहकाल आउनुका साथै शत्रुहरू नाश हुन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यसलाई शत्रुहन्ता जात्रा पनि भन्ने गरिन्छ।

### बाराही देवीको तिप्वा जात्रा सम्पन्न

नौ दिन आठ रात मनाइने ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको बिस्का जात्राअन्तर्गत भक्तपुर बाराही देवीको तिप्वा जात्रा सोमबार सम्पन्न भएको छ। बिस्का जात्राको चौथो दिन अर्थात् चैतको मसान्तको साँझ भेलुखेलस्थित यसीँख्यमा ५५ हात लामो यसिद्यःउठाएपछि अष्टमात्रिकाका शक्तिशाली देवी बाराहीको तिंप्वा जात्रा गर्ने परम्परा छ। चैत मसान्तको दिनमा यसिंद्यः नउठेपछि सोमबार दिउँसो उठाइसकेपछि जात्रा गरी सम्पन्न गरेको हो।

भक्तपुर नगरपालिका-३, तेखाचो टोलमा रहेको बाराहीको मूर्तिलाई खटमा राखी तिंप्वा जात्रा गरिन्छ। प्यागोडाशैलीमा निर्मित बाराहीको खटलाई सिँगार पटार गरी तयार गरी बाराहीलाई विराजमान गराइन्छ।

जात्रामा ७०० टोलका स-साना बालबालिकादेखि वृद्धवृद्धा चिलाख बालेर जात्रामा सहभागी हुने गर्दछ। जात्रामा हजारौं भक्तालु धुप, बत्ती, सुकुन्दा बाली सहभागी हुने गर्दछन्। बाराही पीठ नजिक रहेको हनुमन्ते खोला तर्दा खोलाको पानी छचापी बाराहीलाई पीठ पुऱ्याइन्छ।

पीठमा पुगेपछि आचाजुहरूद्वारा बाराहीको तान्त्रिक पूजा गरिन्छ। पूजा सम्पन्न भएपछि स्थानीय ७०० टोलको बलि पूजा थापेर सोमबार यसिंद्य ढालिसके पछि बाराहीलाई पुज्ने ७०० टोलमा परिक्रमा गरी पूजा गरिएको थियो। पूजामा बाराहीलाई प्रसादको रूपमा चतामरी छरिदिने परम्परा छ। सबै टोलको परिक्रमा पछि देवगृहमा लगिन्छ।

त्यसैगरी यसिंद्यः उठाइसकेपछि मनाइने अष्टमात्रिका अर्को शक्तिशाली देवी इन्द्रायणीको त्वारिवा जात्रा पनि सोमबार दिउँसो सम्पन्न गरेको छ। इन्द्रायणी देवीको द्योः छेमा रहेको मूर्तिलाई खटमा विराजमान गराई आफ्नो इलाकामा जात्रा मनाउने परम्परा छ। जात्रा गर्दा इन्द्रायणी देवीको इलाकाका बासिन्दाले आ-आफ्नो घरबाट त्वारिवा ल्याई देवबत्ती बालेर जात्रामा सहभागी हुने गर्दछ। स्थानीय दाफा, भजनखलको भजन र बाजाहरूको गुञ्जायमान जात्रालाई थप रौनक बनाउँदछ।

# साँखुमा बज्रयोगिनी माई जात्राको रौनक

**काठमाडौं-** नेपाल शिरोमणिसमेत भनिने बज्रयोगिनी माईको जात्रा साँखुमा सुरु भएको छ। चैत्र शुक्ल अष्टमीका दिन बज्रयोगिनी माईलाई निमन्त्रणा दिने पूजा भए लगत्तै जात्रा सुरु भएको मानिन्छ। औपचारिक जात्रा भने चैत्र शुक्ल पूर्णिमादेखि नै सुरु हुन्छ।

नेवारी परम्पराअनुसार चैत्र शुकल अष्टमी अर्थात् गत चैत २३ गतेदेखि नै साँखु बजारमा छालाको जुत्ता निषेध गरिएको छ। यो जात्रा चलेका बेला पानी पर्दासमेत साँखुमा छाता ओढ्न नपाइने नियम छ। यसैगरी घोडा हात्ती चढ्न नपाइने, घर भत्काउन र नयाँ बनाउन नपाइने, छतमा चढेर काम गर्न नपाइनेजस्ता नियम लागू भएको छ।

साथै झै-झगडा गर्न नपाइने, साहुले ऋणीलाई समात्न नपाइने, यी र यस्ता नियमहरू उर्दी लाउने परम्परा छ। पूर्णिमाका दिन चैत ३० गते बज्रयोगिनी माता, सिंहिणी, व्याघ्रिनीलगायत देवीदेवता रथमा सवार गराइ बज्रयोगिनीबाट साँखु बजार ल्याइएको छ। यो जात्रा साँखुका आठवटै टोलमा प्रत्येक वर्ष पालैपालो राख्ने परम्परा रहेको स्थानीयवासी बताउँछन्।

यो जात्रालाई साँखुको मात्रै हैन उपत्यकाकै विशेष जात्राको रूपमा लिइन्छ। यहाँको रथ ठूलाठूला हुने र देवीदेवता पनि खुलारूपमा राखिने हुँदा अन्य सहरहरूमा हुने जात्राको तुलनामा देवीदेवताको मूर्ति भव्य देखिने गर्छ।

पूर्णिमादेखि सुरु हुने जात्रामा प्रतिपदाको दिनलाई शून्यका भनिन्छ। द्वितीयाको दिनलाई नखः र तृतीयाको दिन साँखु बजारमा बज्रयोगिनी माईलाई सिंहिणी, व्याघ्रिनीलगायत बसुन्धरा माताको समेत नगर परिक्रमा गराइन्छ।

चतुर्थीको दिनलाई मू-भुज्या भनिन्छ भने पञ्चमीको दिनलाई धुँभूज्या र षष्ठीको दिनलाई बौविज्या भनिन्छ। सप्तमीको दिनलाई थहाँ विज्याः भनिन्छ। यसदिन बज्रयोगिनी माईलाई बज्रयोगिनी फर्काउन विशेष होम गरी साँखुमा पूजाआजा सकिएपछि मात्रै देवीदेवताहरू रथमा सवार गराउने परम्परा रहेको यहाँको संस्कृतिका बारेमा खोज अनुसन्धान गरिरहेका प्रकाशमान श्रेष्ठ सक्वले जानकारी दिए।

राति रथमा राखिने भएकाले एक आधा घण्टा जात्रा गरी सकिन्छ। भोलिपल्ट अष्टमीको दिन भने साँखुबाट देवी देवताहरूको रथ बज्रयोगिनी पुऱ्याई जात्रा समापन गरिन्छ। यस क्रममा साँखुको कोलागाल कटेपछि घुमारचोकका स्थानीय तामाङ समुदायले माईलाई माइती फर्काउने भन्दै जात्रामा सहभागी हुनुका साथै उनीहरूले सो दिन विशेष पूजा आजाका साथ भोज भतेर गर्दछन्। यो जात्रामा नेवार र तामाङ समुदायको मिलन हुने गर्छ।

नेवार समुदायले दशमी र एकादशीको दिन राजा रानीको तर्फबाट विचाः पूजा भनी बज्रयोगिनी माईलगायत सम्पूर्ण देवीदेवताको पूजाआजा गरी वनभोज खान जाने चलन छ। यसरी पूजा गर्न जाने कामलाई नेवार समुदायले विचाःपूजा भन्दछन्। यसको अर्थ देवीदेवताको हालखबर बुझ्न जानु हो भन्ने बुझिन्छ।

बज्रयोगिनी जात्राका लागि मल्लकालमा राजा आफैं आउने व्यवस्था थियो। अन्तिम मल्ल राजा जयप्रकाश मल्ल युद्धमा रहँदा उनले खड्गलाई नै आफ्नो प्रतिनिधित्व मान्नु भनेर पठाएपछि हालसम्म राज खड्ग ल्याउने परम्परा कायमै रहेको विश्वास गरिन्छ।

बज्रयोगिनी जात्रामा साँखु वरपरका बासिन्दा मात्र नभई उपत्यकाबाहिरका श्रद्धालु दर्शनार्थीको घुइँचो लाग्ने गर्छ। *रासस*

# पोर्चुगलमा बिस्का जात्रा मनाउँदै

**लिस्बन (प्रस)-** पोर्चुगलमा रहेका नेवार समुदायले ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको बिस्का (बिस्केट) जात्रा मनाउने भएका छन्। नेवाः खल पोर्चुगलको आयोजनामा आज (मंगलबार) राजधानी लिस्बनमा बिस्का जात्रा मनाउन लागिएको हो।

खलले लिस्बनको आरोइसस्थित ग्रिल एण्ड चिल रेस्टुरेण्टको हलमा नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदानसहित भव्यताका साथ जात्रा (नखः) मनाउने खलका संयोजक अमृतरत्न शाक्यले जानकारी दिए।

नेवारी रीतिरिवाज, भाषा, धर्म संस्कृति, परम्परा र पहिचान जगेर्ना गर्ने उद्देश्यअनुरूप विदेशी भूमिमासमेत बिस्का जात्रा मनाउन लागिएको उनको भनाइ छ। नेवारी कला र संस्कृतिको माध्यममार्फत पोर्चुगलमा छरिएर रहेका नेवार समुदायलाई एकत्रित गर्न, आपसी मेलमिलाप, सहकार्य र भाइचारालाई थप प्रगाढ बनाउन जात्राको आयोजना गरिएको संयोजक शाक्यले बताए।

कार्यक्रममा नेवारी परम्पराअनुसार भैरवको विशेष पूजाआराधना गरिने छ, समयबजी, टीकाटाला, ध्वजा र सगुन ग्रहण तथा शुभकामना आदानप्रदानको कार्यक्रम तय भएको खलले जनाएको छ। त्यस अवसरमा नेपाली तथा नेवारी खानाका परिकारका साथै नेवारी कला र संस्कृति झल्कने सांस्कृतिक झलकहरू प्रस्तुत गरिने जनाइएको छ।

# फोनिजको अध्यक्षमा चौधरी सर्वसम्मत



■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को अध्यक्षमा लक्की चौधरी सर्वसम्मत चयन भएका छन्। फोनिजको यही चैत ३० गते बुटवलमा सम्पन्न आठौं महाधिवेशनबाट चौधरीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो।

नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा सरु राना मगर, उपाध्यक्ष (खुला) विश्वराज तामाङ, उपाध्यक्ष (महिला) अञ्जना शिल्पकार, उपाध्यक्ष (संस्थागत) अर्जुन जम्नेली राई, उपाध्यक्ष अल्पसंख्यक यमन राई डोने, महासचिव समीर बलामी निर्वाचित भएका छन्।

त्यसैगरी खुला सचिवहरूमा मिलन गाहा मगर, सन्दिपकुमार श्रेष्ठ, एमबी आस्था मगर रहेका छन्। संस्थागत सचिव सुनिल महर्जन, सचिव (महिला) माला पालुङवा लिम्बू, सचिव (महिला) मिला दराई, कोषाध्यक्ष अर्जुनबहादुर तामाङ, सहकोषाध्यक्ष लक्ष्मी स्याङतान निर्वाचित भएका छन्।

फोनिजको कोशी प्रदेश इञ्चार्ज राजेन्द्र दुष्ट, मधेस प्रदेशमा इञ्चार्ज शंकरलाल श्रेष्ठ, बागमती इञ्चार्जमा सुरेन्द्रभक्त श्रेष्ठ, गण्डकी इञ्चार्जमा रुद्र श्रीस, लुम्बिनी इञ्चार्जमा गजेन्द्र गुरुङ, कर्णाली इञ्चार्जमा रत्न सुनुवार, सुदूरपश्चिम इञ्चार्ज रामलखन चौधरी चयन भएका छन्।

सदस्यहरूमा अतित योङहाङ, प्रदिपकुमार चौधरी, प्रज्वल श्रेष्ठ, प्रवीण श्रेष्ठ, निरज रञ्जित, अमिर लामा चयन भएका छन्। संस्थागत सदस्यहरू प्रदिपकुमार लेखी, साहिला तामाङ, दानबहादुर गुरुङ, श्याम राना मगर, सुरजवीर बज्राचार्य, महिला सदस्यहरूमा विनु चेम्जोङ, रत्ना गुरुङ, सरस्वती श्रेष्ठ, प्रतिमा चौधरी, मिक्साङ वाईबा तामाङ, सुप्रिया राई, भूमिका फियाक लिम्बू र रिया आले निर्वाचित भएका छन्।

अल्पसंख्यक सदस्यहरूमा संगीता चेपाङ र प्रितम भुजेल, विदेश सदस्य विनोद श्रेष्ठ, लेखासमिति संयोजकमा गजेन्द्र राई र सदस्यमा प्रविणकुमार गाहा निर्वाचित भएका छन्।


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सेती प्रादेशिक अस्पताल**
धनगढी, कैलाली, नेपाल

**बोलपत्र आव्हानको सूचना**

(दोश्रो पटक प्रकाशित मिति २०८२/०१/०२)

आ.ब. २०६१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपसिल अनुसारका मेडिकल उपकरण बिधुतीय बोलपत्रको माध्यमबाट आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, फर्म, आपूर्तिकर्ता, कम्पनी एवं संस्थाहरूले यो सूचना र बोलपत्र फाराममा उल्लेखित शर्तहरूको अधिनमा रहि रितपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | आपूर्ति गर्नुपर्ने मेडिकल उपकरण | बोलपत्र दस्तुर | जमानत रकम |
|---|---|---|---|
| SPH/NCB/Goods/16/2081/082 | Fully Automated Capillary Electrophoresis Machine | ३०००.०० | १७५०००.०० |

थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np वा यस अस्पतालको वेबसाइट www.sph.gov.np मा प्रकाशित सूचना हेर्न हुन वा यस अस्पतालको फोन नम्बर ०९१-५२५९११ मा सम्पर्क गर्न हुन अनुरोध छ।

**डा. हेमराज पण्डे प्र.मे.सु.**


# जाजरकोट भूकम्पबाट ३४ हजार निजी आवासमा क्षति

**काठमाडौं (प्रस)-** यही चैत मसान्तसम्ममा जाजरकोट भूकम्पबाट प्रभावित निजी आवासको क्षति आकलन गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले ३४ हजार ३५ निजी आवासको विस्तृत क्षति आकलन गरिएको विवरण आफ्नो प्रणालीमा प्रविष्ट भइसकेको जानकारी दिएको छ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव रामबहादुर केसीले अझै क्षति आकलनको काम भने जारी रहेको बताए। अब नयाँ वर्षसँगै जाजरकोट भूकम्पबाट क्षतिग्रस्त थप निजी आवासको क्षति आकलनका लागि प्राधिकरण र मध्यपश्चिम विश्वविद्यालयबीच सम्झौता भएको उनले जानकारी दिए। यसका लागि हालैमात्र प्राधिकरणका कार्यकारी प्रमुख ई. दिनेश भट्ट र विश्वविद्यालयको ग्राजुएट स्कुल अफ इञ्जिनियरिङका डिन सहप्राध्यापक डा. राजन सुवालले यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

कर्णाली प्रदेश राजधानी सुर्खेत वीरेन्द्रनगरमा अवस्थित विश्वविद्यालयले २८ हजार ३५७ परिवारको निजी घरको क्षति आकलनका लागि ८५ जना प्राविधिक बाँकी स्थानीय तहहरूमा खटाउने छ। यसअघि, विस्तृत क्षति आकलनका लागि प्राधिकरण र पुल्चोक इञ्जिनियरिङ क्याम्पसबीच सम्झौता भई विस्तृत क्षति आकलन भएको थियो।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/१२/१६ गते काठमाडौं जिल्ला का. म. न. पा. वडा नं.२२ स्थित टुँडिखेलमा पार्किङमा राखेको रातो-कालो रङ्गको 200cc को Bajaj Pulsar मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

धनीको नाम : विक्रम कुँवर
बाइक नं. : बा.प्र. ०२-०४० प ०४६८
च्यासिस नं. : MD2A36FX5MCH96488
इन्जिन नं. : JIXCMH92869
ठेगाना : छाउनी, काठमाडौं
सम्पर्क नं. : ९८६११६८२६२



**Tourism Development Office**
Lahan, Siraha, Madhesh Province

**Invitation for Electronic Bids**

First Date of Publication: B.S. 2082/01/02 (15th April, 2025)

| S. N. | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1. | 22/NCB/WORKS/TDOSIRAHA/2081/082 | Chinnamasta, Kankalini, Koshi Paryatan Marg Bikas Hanumanagar Kankailini Na.pa, Saptari | Nrs. 3,000/- | 2,57,000/- 120 Days | 90 Days |

1. Tourism Development Office, Lahan, Siraha invites electronic bid from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Tourism Development Office, Lahan, Siraha. For detail Contact : 9815357417, 9851360568.

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### खनाल आयोगको प्रतिवेदन कार्यान्वयन गर

पूर्वअर्थसचिव रामेश्वर खनालको संयोजकत्वमा बनेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई ४४७ पृष्ठको प्रतिवेदन बुझाएको छ । देशको बिग्रँदो अर्थतन्त्रलाई सुधार्न दिएको सुझावलाई अर्थमन्त्री विष्णु पौडेलले दराजमा सजाउनका लागिमात्र तयार नपारेको प्रतिक्रिया दिइसकेका छन् ।

हुन त खनाल आफैं आशावादी अर्थविज्ञ हुन् । हरेकपल्ट देशमा आर्थिक सुधार भइरहेको बताउँछन् उनी । तर उनकै संयोजकत्वमा बनेको आयोगले भने देशको आर्थिक अवस्था संकटग्रस्त रहेको देखाएको छ । यसका लागि खनाल आयोगले चाहिनेलाई मात्र सामाजिक सुरक्षाभत्ता दिन सुझाएको छ । यसैगरी यो प्रतिवेदनमा दलका नेताहरूले गर्ने भ्रष्टाचार कम गराउन सरकारले दलहरूलाई अनुदान दिन सुझाएको छ । यो आयोगको तर्क छ– चुनाव खर्चिलो हुँदा पैसावालमात्र प्रतिनिधिसभामा छिर्न पाउँछन् । सरकारको नेतृत्वमा आउन सक्छन् । त्यसैले चुनावका उम्मेदवारले पनि निश्चित दायरामा बसेरमात्र खर्च गर्न दिनुपर्ने सुझाव यो प्रतिवेदनमा उल्लेख छ । उसो त यस्तो प्रतिवेदन हरेक वर्ष बन्छ र दराजमा थन्किन्छन् । कार्यान्वयनमा आउने भनेको उही प्रतिवेदन बनाउन गठन भएको कार्यदललाई गरिने खर्चमात्र हो ।

यद्यपि यसपटक खनाल आयोगले सुझाएका विषयहरू महत्त्वपूर्ण देखिन्छन् । पहिलोपटक घर जोड्नेलाई स्थिर ब्याजदरमा कर्जा दिनुपर्ने, राजनीतिक दलले निश्चित सर्त र सीमाको अधीनमा रहेर बैंकिङ प्रणाली प्रयोग गरी चन्दा लिन पाउने, तर निर्वाचनका बेला उम्मेदवारले कुनै चन्दा लिन नपाउने, प्रदेश र स्थानीय तहमा जाने साना तथा मझौला विकासका आयोजना संघीय बजेटमा नराख्नेजस्ता विषयहरू महत्त्वपूर्ण छन् । त्यसैगरी संघले ब्याजमा आधारित ऋण लिएर प्रदेश तथा संघलाई अनुदान दिने, तर प्रदेश र स्थानीयले खर्च नगरी शून्य ब्याजमा बैंकमा रकम जम्मा भइरहने प्रवृत्तिको अन्त्य हुनुपर्ने, राष्ट्रिय गौरवका आयोजनालाई पाँच वर्षभित्र सक्ने नीति लिनुपर्ने सुझाव पनि दिइएको छ ।

यसैगरी यो आयोगले संस्थानहरूको निजीकरण गर्न सुझाएको छ । सरकारले चलाउँदा अत्याधिक खर्चिलो हुने तर कमाइ कम हुने भएकोले यस्ता संस्थान निजीलाई दिँदा नै राम्रो हुन्छ । भारतमा विमान प्रदायक संस्थान एयर इण्डियाले लगातार घाटा खाएपछि अहिले निजीलाई दिइसकेको छ । नेपालमा नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थानजस्ता संस्थानले निरन्तर घाटा बेहोरिरहेको छ । यो आयोगले वायुसेवा केही समयलाई विदेशी व्यवस्थापनलाई दिनसमेत सुझाएको छ ।

यता संसदीय समितिमा लामो समय छलफल गरेर पनि सहकारीको बचतसीमा तोक्न नसकेकोमा यो आयोगले सहकारीको बचत र ऋण सीमा २५ लाख तोक्न सुझाएको छ । अहिलेका मुख्य समस्या सबैजसोको सहकारीमा आएर अड्किएको छ । यसलाई फुकुवा गर्न सरकारले बचत फिर्ताको योजना ल्याउनसमेत आयोगले सुझाएको छ । आयोगका जायज सुझावहरूलाई सरकारले चाँडोभन्दा चाँडो कार्यान्वयनमा ल्याउनु आवश्यक देखिन्छ ।

# महिला जनप्रतिनिधिलाई बाधैबाधा



■ अमृता अनमोल

> लैंगिक समानता र समावेशीकरण संविधानको सुन्दर पक्ष हो । यसका लागि दलहरूले पितृसत्ताको आँखा बन्द गरेर समानताको आँखा खोल्नुपर्छ । महिला वा पुरुष भएका कारण कोही विशेष हुँदैन, तर पदको सम्मान गर्नुपर्छ । संविधानमा सुनिश्चित गरिएको समानुपातिक समावेशी सिद्धान्तको पूर्णरूपमा कार्यान्वयन गर्न राज्यको मूलप्रवाहमा महिला सहभागिताको सुनिश्चित हुनुपर्छ । एउटै निर्वाचन विधि र पद्धतिद्वारा जनताको मतदानबाट निर्वाचित भएका जनप्रतिनिधिहरूबीच लिंगकै आधारमा विभेद गर्नु हुँदैन ।

जनप्रतिनिधिले के-के समस्या भोग्नुपर्छ ? यसको जवाफ फरक-फरक हुन सक्छ । जनप्रतिनिधि महिलाहरूको भने आफूहरू महिला भएकै कारण बाधैबाधाको सामना गर्नुपरेको गुनासो छ । संघ, प्रदेश र स्थानीय तीन तहकै जनप्रतिनिधि महिलाहरू यसै भन्छन् । संविधानले जुनसुकै लैंगिक पहिचान भए पनि जनप्रतिनिधिलाई समान हैसियत दिएको छ । त्यसो भए, पुरुषसरह समान हैसियतमा राज्य सञ्चालन प्रक्रियामा भाग लिँदा जनप्रतिनिधि महिलाले लैंगिकताकै कारण किन समस्या भोग्छन् ? कार्यसम्पादनमा कस्ता-कस्ता समस्या देखिन्छन् ? ती समस्याको समाधान कसरी गर्न सकिन्छ ? यही उपाय खोज्न जनप्रतिनिधि महिलाको लुम्बिनी प्रदेशस्तरीय भेला नै आयोजना भयो ।

रूपन्देहीको सिद्धार्थनगरमा चैत १६ मा आयोजित भेलामा लुम्बिनीबाट तीन तहमै प्रतिनिधित्व गर्ने जनप्रतिनिधि महिला सहभागी भए । उनीहरूले मन खोलेर बह पोखे । बह सुन्ने र समाधानका उपाय बताउने प्रमुख व्यक्ति पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई बनाए । पूर्वराष्ट्रपतिले उद्घाटनसत्रमै हौसाउँदै भनिन्, 'जनप्रतिनिधि महिला भनेका सामान्य महिला होइनन् जनताले चुनेका नेता हुन् । त्यसैले, महिला जनप्रतिनिधिमाथि हुने कुनै पनि प्रकारको विभेद स्वीकार्य हुँदैन । यस्तो विभेदको प्रतिकार गर्नुपर्छ ।'

उनले अधिकार सुनिश्चित गर्न आवश्यक राजनीतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षमताको अभिवृद्धि गर्न पनि सुझाव दिइन् । यहाँ स्मरणीय कुरा के छ भने पूर्वराष्ट्रपति भण्डारीले १८ वर्षअघि अर्थात् २०६३ जेठ १६ गते पुनर्स्थापित संसद्‌मा महिला अधिकारका नाममा संकल्प प्रस्ताव पेस गरेकी थिइन् । राज्यका सबै तह र संरचनामा ३३ प्रतिशत महिलाको अनिवार्य सुनिश्चितता गर्नुपर्ने त्यस संकल्प प्रस्तावले निकै ठूलो प्रभाव सिर्जना गरेको थियो । संविधान २०७२ ले यसलाई अझ मजबुत बनाएको थियो । उनको उपस्थिति र सम्बोधनले जनप्रतिनिधि महिलाहरूलाई थप हौसला मिल्यो । यसपछि उनीहरू पाइलापाइलामा भएका समस्या र विभेद केलाउन थाले ।

सामान्य अर्थमा जनप्रतिनिधि भनेका जनताको तर्फबाट जनताको आवश्यकता, विचार र अधिकारको प्रतिनिधित्व गर्ने व्यक्ति हुन् । देशमा अहिले १४ हजार ७१६ जनप्रतिनिधि महिला छन् । त्यसमध्ये स्थानीय तहमा १४ हजार ४०२ महिला निर्वाचित भएका छन् । २५ वटा स्थानीय तहमा प्रमुखकै जिम्मेवारी महिलाले सम्हालेका छन् । सात प्रदेशमा १४ प्रत्यक्ष र २०० जना समानुपातिक प्रणालीबाट गरी २१४ प्रदेशसभा सदस्य महिला छन् । संघमा नौ जना प्रत्यक्ष र ९१ जना समानुपातिक गरी १०० जना सांसद महिला छन् । देशभरमा यति धेरै महिला जनप्रतिनिधि बनेर पनि लैंगिकताका आधारमा भेदभाव किन हुन्छ ? आफैं विभेदमा रहेका जनप्रतिनिधिले अरुको विभेदविरुद्ध कसरी काम गर्लान् ? यो मूल सवाल हो ।

स्थानीय तहमा हेरौं । निर्वाचन ऐन २०७३ ले स्थानीय तहमा एउटै राजनीतिक दलबाट उमेदवार बन्दा प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने प्रावधानले धेरै महिला उपप्रमुख र उपाध्यक्ष बन्न पाएका छन् । सामान्यतया उपप्रमुख वा उपाध्यक्षको कार्यकारी भूमिका हुँदैन । तर, स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष भने कार्यकारी भूमिकामा छन् । योजना तर्जुमा, बजेट निर्माण, न्यायिक समिति र राजस्व अनुगमन समितिको संयोजक उपप्रमुख वा उपाध्यक्ष हुन्छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रम विषयगत र क्षेत्रगतरूपमा छलफल गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेस गर्नेसम्मको अधिकार उपाध्यक्ष वा उपप्रमुखको छ । राजस्वका स्रोत खोज्ने र योजना तथा कार्यक्रमहरूको अनुगमन पनि उनीहरूकै जिम्मामा छ । न्यायिक समिति संयोजकका रूपमा १३ प्रकारका विवाद निरूपण गर्न र ११ प्रकारका विवाद मेलमिलाप गराउने जिम्मा उपप्रमुख वा उपाध्यक्षको हो । तर, स्थानीय तहका धेरै उपाध्यक्ष वा उपप्रमुखले यी अधिकार उपयोग गर्न पाएका छैनन् ।

स्थानीय तहका धेरै उपप्रमुख वा उपाध्यक्ष प्रमुखको इसारामा काम गर्न बाध्य छन् । 'महिला भएकै कारण हाम्रो अधिकारको काम प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले खोस्नुभएको छ,' भेलामा सहभागी धेरै जनप्रतिनिधि महिलाले एउटै दुखेसो पोखे, 'योजना तर्जुमा, बजेट विनियोजन, राजस्वका स्रोत पहिचान र योजना अनुगमनका काममा नाम उपाध्यक्ष वा उपप्रमुखको भए पनि काम प्रमुखको हुन्छ । हामीले कसरी लिने ?' स्थानीय तहमा हरेक वडामा दुई जना महिला छन् । ती एक दलित महिला र एक खुला महिला हुन् । अन्य दुई पुरुष सदस्य र आफूलाई समान जिम्मेवारी नदिएको भन्दै सुधार्न माग गरे । सिद्धार्थनगर नगरपालिकी उपप्रमुख उमा अधिकारीले भनिन्, 'नेता र जनप्रतिनिधि भनेकै पुरुष हुन् । महिला त सहयोगी मात्रै हुन् भन्ने मानसिकता नफेरिँदा जनप्रतिनिधि महिला विभेदमा छौं ।'

प्रदेशसभा र संघीय संसद्‌मा ३३ प्रतिशत महिला अनिवार्य छ । यो संख्या प्रत्यक्ष र समानुपातिक जताबाट पनि पुऱ्याउन सकिन्छ । तर, प्रत्यक्षको साटो समानुपातिक निर्वाचन प्रणालीबाटै महिला आएका छन् । संविधानअनुसार प्रत्यक्ष र समानुपातिक सांसद दुवैको समान अधिकार छ । निर्वाचन आयोगले दुवै सांसदलाई एकैखाले प्रमाणपत्र दिएको छ । तर महिला भएकै कारण समानुपातिक सांसदलाई समान हैसियत नदिएको भुक्तभोगीहरूको गुनासो छ । सांसद महिलाहरूका अनुसार सदनदेखि सरकार, योजना तर्जुमादेखि बजेट विनियोजन र आशनदेखि भाषणसम्म विभेद छ । विभेदविरुद्ध बोले पनि आवाज सुनिँदैन । लुम्बिनी प्रदेशसभा सदस्य हेमा बेल्वासेले दलहरूले महिलालाई नेता बनाए पनि स्वीकार नगरेको दाबी गरिन् । उनले प्रश्न गरिन्, 'दलहरूले पठाएका हामी दलीय प्रतिनिधि हौं । राज्य सञ्चालन प्रक्रियामा गएका जनप्रतिनिधि महिला नै अन्याय र भेदभावमा छौं । हामी अरुका अन्याय र भेदभाव विरुद्ध कसरी काम गर्न सक्छौं ?'

उदाहरण लुम्बिनी प्रदेशकै हेरौं । लुम्बिनी प्रदेश सरकारले वार्षिक बजेटमा निर्वाचन क्षेत्र विकासका लागि योजना बाँड्छ । प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्यले निर्वाचन क्षेत्र विकासका लागि दुई करोड ७५ लाख रूपैयाँ बराबरका योजना पाउँछन् । समानुपातिकलाई जम्मा एक करोड रूपैयाँ दिइन्छ । बजेट निर्माणका बेला विषयगत योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्य भाग लिन पाउँछन् । समानुपातिकलाई खोजिँदैन । विनियोजन भएको बजेट सच्याउने वा मिलाउने सुविधा प्रत्यक्षलाई छ, तर समानुपातिकलाई छैन । सदनमा ३३ प्रतिशत भएपनि सरकारमा सहभागी गराउँदा महिलाको संख्या सधैं एक-दुई जनामा सीमित छ । मन्त्रालय दिँदा पनि महिलालाई कमजोर मन्त्रालय दिइन्छ । गत साउनमा लुम्बिनीमा संसदीय दलको बैठकमै समानुपातिकले मन्त्री दाबी गर्न पाइँदैन भनेर संसदीय दलकै बैठकमा भनेपछि महिला प्रदेशसभा सदस्यहरू रुँदै निस्किएका थिए । यस्तो समस्या अन्य प्रदेश र संघमा पनि छ । जुन विभेदपूर्ण हो । जनप्रतिनिधिहरूका अनुसार यो विभेद हटाउन उनीहरू पटक-पटक सभामुख, प्रधानमन्त्री, मुख्यमन्त्री र संसदीय दलका नेताहरूलाई भेटेका छन् । तर विभेद हटेको छैन ।

पूर्वराष्ट्रपति भण्डारीका अनुसार जनप्रतिनिधि महिला भएकै कारण विभेद हुनु संविधानको अवज्ञा हो । प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रणालीबाट आएका सांसद दुवैले समान हैसियत र अवसर पाउनुपर्छ । महिला भएकै कारण समानुपातिक प्रणालीबाट आएका महिला सांसदमाथि विभेद हुनु दुखद कुरामात्र होइन संविधान र कानुनी मापदण्डहरूको प्रतिकूल हो । यस विषयमा जनप्रतिनिधिबीच गहन र सकारात्मक छलफल हुनुपर्छ । राजनीतिक दलहरूबीच भएका गठबन्धनका कारण संवैधानिक प्रावधानविपरीत महिला प्रतिनिधित्वको अनुपात घटेको छ । स्थानीय तहमा प्रमुख र संघ, प्रदेशमा प्रत्यक्ष निर्वाचित महिलाको संख्या बढाउन अभियान चलाउनुपर्छ । स्थानीय तहमा प्रमुख, उपप्रमुखमध्ये एक महिला हुनुपर्ने भए पनि गठबन्धनले महिलाको अवसर खोसेको छ । पूर्वराष्ट्रपति भण्डारीको सुझाव छ, 'संविधानको मर्मविपरीत महिला सहभागिता गुम्न नदिन आगामी निर्वाचनमा राजनीतिक दलहरूले पनि विशेष ध्यान पुऱ्याउनुपर्छ । महिलाका लागि महिलामात्र होइन पुरुष पनि बोल्नुपर्छ ।'

लुम्बिनी प्रदेशका जनप्रतिनिधिहरूको भेलाले जनप्रतिनिधि महिलाको समान हैसियत बनाउन र भूमिका बढाउन ४१ बुँदे घोषणापत्र बनाएको छ । ती घोषणापत्रका बुँदाबुँदामा राज्य सञ्चालन प्रक्रियामा जनप्रतिनिधि महिलाले भोगेका समस्या हटाउने र भूमिका बढाउने कुरा उल्लेख छन् । लैंगिक समानता र समावेशीकरण संविधानको सुन्दर पक्ष हो । यसका लागि दलहरूले पितृसत्ताको आँखा बन्द गरेर समानताको आँखा खोल्नुपर्छ ।

महिला वा पुरुष भएका कारण कोही विशेष हुँदैन, तर पदको सम्मान गर्नुपर्छ । संविधानमा सुनिश्चित गरिएको समानुपातिक समावेशी सिद्धान्तको पूर्णरूपमा कार्यान्वयन गर्न राज्यको मूलप्रवाहमा महिला सहभागिताको सुनिश्चित हुनुपर्छ । एउटै निर्वाचन विधि र पद्धतिद्वारा जनताको मतदानबाट निर्वाचित भएका जनप्रतिनिधिहरूबीच लिंगकै आधारमा विभेद गर्नु हुँदैन । संघ, प्रदेश होस् वा स्थानीय तहमा जनप्रतिनिधि बन्नु र राज्य सञ्चालन प्रक्रिया भाग लिनु सहज छैन । न त, संसदीय भूमिकामा बसेर सरकारको अनुगमन र निगरानी गर्न नै सजिलो छ । समय र जिम्मेवारीअनुसार आफूले सिक्दै र व्यवहारमा उपयोग गर्दै जानुपर्छ । तर महिला भएकै कारण जनप्रतिनिधि महिलाले अधिकार उपयोग गर्न नपाएका हुन् भने यो गलत छ । सच्याउनुपर्छ । *रास*

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।




# सबैको जय होस् !

नयाँ वर्षको पूर्वसन्ध्यामा पूर्वराजा ज्ञानेन्द्र शाहले भिडियो सन्देश दिए । पूर्वराजाको सो सन्देश हातमा मोबाइल हुनेहरूले तात्तातो नै हेरे । हुन त अहिले मोबाइल नहुने को नै पो छ र ? त्यही भएर पनि होला मोबाइलमा सामाजिक सञ्जालबाट आउने राम्रा कुरा त त्यस्तै हो गति छाडा कुरा हेर्नेहरूको संख्या एकैछिनमा लाखौं पुग्छ । शाहको सन्देश पनि त्यस्तै त्यस्तै भयो ।

सुदूर गाउँमा रहेका रामवीरे साइँला शाही पनि कतारबाट छोराले पठाइदिएको स्मार्टफोनमा शाहको भिडियो सन्देश हेरिरहेका थिए । भिडियो सन्देशमा २०८१ साल घनघोर निराशाजनक भएको र पृथ्वीपथ नै राजनीतिको मूल सार भएको भनेपछि रामवीरे साइँला शाही हेरेको हेऱ्यै भएछन् ।

स्मार्टफोनलाई यसो चलाउँदै गरेको रामवीरे साइँलाले एकातिर भिडियो सन्देश अर्कोतिर तीनकुनेको दनदनी बलेको घरको भिडियो पनि हेर्न भ्याइहाले । अनि त्यही भिडियोको छेउमा लेखेको अक्षर पनि कनिकुथी पढे । पछिल्लो समय सामाजिक सञ्जालमा पोस्टचाएका भिडियो त्यसमा लेखिएका कुराले मान्छेलाई मनोरोगी बनाइदिइसकेको छ । जसरी क्यान्सरका रोगीहरू बढ्दै छन् त्यो भन्दा महामारीका रूपमा मनोरोगीहरूको संख्या पनि बढ्दै गइरहेका छन् ।

हिजो पञ्चायती शासन राम्रै भोगेका रामवीरे साइँला आफैं पनि बाइसे चौबिसे राज्य हुँदाका राजाका खलक भनेर नाक फुलाउँछन् । त्यही भएर होला माइला राजाले पृथ्वीपथ नै राजनीतिको सार हो भन्दा दंग परेछन् । उनले हत्त न पत्त काठमाडौंमा बसेको भतिजलाई फोन गरेर सोधे, 'होइन हो भतिज यता मोबाइलमा त राजसंस्थाले के-के गर्छ भन्ने कुरा आयो त, के हो कुरा ?'

उता ठूलो बाजेको कुरा सुनेर भतिज भन्दै थिए, 'गरिरहेको छ त, गाउँ सहर घुमेकै छ जयजयकार मनाकै छ । त्याँ भन्दा के चाहियो र ठूलो बाजे ।'

रामवीर साइँलाले बुझेकी बुझेनन्, अँ अँ भने । यताबाट भतिजले उत्तर दियो, 'सुन्नुस् ठूलो बाजे, पहिले एउटा राजा थिए । तम्रा गाउँमा अहिले कति राजा भए ? गनतन्त्रले धेरै राजा बनायो । देश सक्कायो रे ? त्यही भएर उ बेलाँ दिएको नासो फेरि जनतासँग फर्काउन सबैको साथ मागेको रे ?'

उताबाट रामवीरले फेरि प्रश्न गरे, 'त्यो होइन हो गाउँमा त कहाँ छन् र नेताहरू सबै सदरमुकामतिरै होलान्, राजधानीमै बैठकाँ आका होलान् नि ? पालिकामा कहिल्यै भेटिन्नन् !' उही जेठ लागेसी डोजर कुदाउने र ठेकेदारलाई पैसा बाँड्ने बेलामात्र टुप्लिन्छन् !

'त्यही भएर नि होला कहिले के सन्देश कहिले के सन्देश लिएर आका । अनि ठूलो बाजे अरु के छ त गाउँतिरको खबर ?,' भतिजले यताबाट सोध्यो ?

'के हुनु र हो ! गाउँमा त उही हामी जस्ता बूढाबूढीबाहेक को नै पो छ र ? सबै मुग्लान गाका छन् नि ! यसपालिको दसैंतिहारमा त गाउँ रित्तो भो बाबै । अरु बेला के हुन्छ र !'

'के गर्नु हो ठूलो बाजे गाउँमा माटो जोतेर पेट पाल्न पुग्दैन सबैले आफ्नो केही त गर्नै पऱ्यो । गाउँमा बसेर भइदिएको भए त किन छाड्दो होलान् र गाउँ ?,' भतिजले सहानुभूति दिँदै भन्यो ।

'हुन त हो क्यार तर पनि यहाँ त मरेको लास बोक्न पनि मान्छे पाउन मुस्किल भो त ! खेतबारी सबै बाँझो भए । खेती हुन छाडचो, जंगल बाँदर गाउँ पस्न थाले । गाउँमा घर त सबै रित्ता छन् हो । तिम्रा काइँलाका खलक पनि सदरमुकाम छिरे क्यारे । अब त को नै पो छ र हामी दुई-चार घरकाबाहेक !'

'हाम्रा पनि धेरै दुःख छन् हो ठूलो बाजे । गाउँमा बरु पैँचो मागेर पनि बाँचिन्थ्यो । सहराँ त काम नगरे भोकै मरिन्छ । गाउँका नेता सहराँ भए पनि हामीलाई गर्ने होइनन् । उनकै कार्जेकर्तालाई नै पुग्दैन । आफ्नो छोरानातिका पालासम्म पुग्नेगरी सम्पत्ति जोड्न मनशायमा राजनीति गऱ्या छन्, अनि कसरी होला त ?'

उताबाट बूढाले भने, 'ठिकै भनिस्, पहिलेपहिले भए पो सबैको जय होस् । सबैको भलो होस् । कसैले पनि भोकै पर्न नपरोस् भन्ने दिन थिए । अहिले त आफ्ना पेट भर्न पाएसी पुग्छ । त्यसो भए के हुन्छ त अब ?,' भतिजलाई जिज्ञासा राखे ।

यताबाट भतिज भन्दै थियो, 'केही पनि हुँदैन । जुन जोगी आए पनि कानै चिरेका हुन् ।' भित्रै मनदेखि नमिठोसँग उसले भन्यो, 'तिम्रा हाम्रा अवस्था नफेरिएसम्म व्यवस्थामात्र फेरिएर केही हुन्न, नाममात्रको व्यवस्था फेरिने टुप्पीको मान्छेमात्र फेरिएर के काम ? मर्ने र मारिने त उही गरिबकै सन्तान हुन् !'

उताबाट बूढाले सान्त्वना दिँदै भने, 'लौ लौ बचेर हिँडेस् आन्दोलन सान्दोलन भनेर नहिँडेस्, आफ्नो कर्म जे हो त्यही गरेस् । देश लुटिसके । हामीसम्म घिटीघिटी गाउँमै बसौंला । आफ्नो जीउ सुरक्षित राखेस् ।'

उता ठूला बाजेको सन्देशले भतिज खिन्न भयो । 'हस् बरु त्यतातिर पनि ख्याल गर्नु ।' दुवैले फोन काटे ।

रामवीरे साइँला शाहीको अनुहारमा खुसी थिएन । होस पनि किन राजधानी बसेको भतिजले सुखैको कुरा सुनाउँला भन्ठानेका थिए । दुखकै कुरा सुनेपछि डाँडामाथिको घामजस्तै भएर बसेका उनको मन रुनु त स्वाभाविकै थियो ।

रामवीरे साइँलामात्र होइनन् नि । ७५ नाघेका धेरै बा आमाहरूको अवस्था उस्तै छ । कानले सुन्दैन । मस्तिष्कले बिर्सन थालेको छ । उमेरले नेटो काटिसकेको छ । जन्मेको माटो नै बिरानोजस्तै हुन थालेको छ । सीमित व्यक्तिको जयजयकार भइरहेको अहिलेको अवस्थामा । २०८१ को अन्त्यसम्म जसको जे भए पनि नयाँ वर्षसँगै देशको जय होस्, जनताको जय होस् । सबैको जय होस् ।



**अम्बिकेश्वरी मन्दिरमा भक्तजन**
दाङको घोराही उपमहानगरपालिका-१८ स्थित अम्बिकेश्वरी मन्दिरमा सोमबार नयाँ वर्षका दिन पूजाअर्चना गर्न पुगेका भक्तजनको घुइँचो ।
*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# विद्यालय भर्ना अभियानमा जनप्रतिनिधि परिचालन

**कञ्चनपुर (प्रस)-** 'बालबालिकाको विद्यालयमा सहभागिता गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नारासहित आज (वैशाख २)देखि सुरु हुने विद्यालय भर्ना अभियानका लागि कृष्णपुर नगरपालिकाले जनप्रतिनिधिलाई खटाउने भएको छ ।

नगरपालिकाको कार्यपालिका बैठकको निर्णयबाट वडागतरूपमा अभियानलाई सफल बनाउनका लागि सामुदायिक विद्यालयमा भर्नाका लागि जनप्रतिनिधि खटाइन लागेको हो । शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा अधिकृत अनिता ठगुन्नाका अनुसार नगरप्रमुखदेखि वडा सदस्यसम्मलाई अभियानका लागि वडागत रूपमा जिम्मेवारीसहित खटाइएको छ ।

नगरपालिका क्षेत्रमा रहेका ३२ वटै सामुदायिक विद्यालयमा भर्ना अभियनका लागि खटिने जनप्रतिनिधि र कर्मचारीको नामावली तयार गरी जिम्मेवारी तोकिएको छ । नगरप्रमुख हेमराज ओझा र उपप्रमुख द्रोपती रानालाई पनि जिम्मेवारी दिइएको छ ।

'सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण बढाउनका लागि विद्यालय भर्ना अभियानलाई प्रभावकारीरूपमा सञ्चालन गर्नका लागि जनप्रतिनिधि र कर्मचारीलाई खटाउने कार्यपालिकाले निर्णय गरेको छ,' नगरप्रमुख ओझाले भने, 'सामुदायिक विद्यालयमा घट्दै गएको विद्यार्थीको संख्या बढाउनका लागि यस अभियानमार्फत मद्दत पुग्छ ।'

वडा वडाका घर घरमा पुगेर अभियानबारे जानकारी दिने कार्यसँगै सामुदायिक विद्यालयले प्रदान गर्दै आएको सेवा सुविधाबारे जानकारी दिइने उनको भनाइ छ । विद्यालयमा शिक्षाको गुणस्तरमा सुधार गर्नका लागि कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै उनले विषयगत शिक्षकको व्यवस्था गर्ने कार्यसँगै विद्यालयको भौतिक पूर्वाधार विकास, फर्निचरको व्यवस्थापनको कार्य गरिएको बताए ।

विद्यालयको क्षमता अभिवृद्धि गर्नका लागि शिक्षा विद्हरूसँग छलफल गरी कमिकमजोरी सुधार गर्दै लैजाने कार्य भइरहेको उनको भनाइ थियो । अभियानसँगै नगरपालिकाअन्तर्गतका जनप्रतिनिधिसहित सार्वजनिक पदमा रहेका व्यक्तिले अनिवार्य रूपमा आ-आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाउनुपर्ने नियम लागू गरिएको छ ।

नगरपालिकाअन्तर्गतका जनप्रतिनिधि, सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कार्यरत कर्मचारीका सन्तती (छोराछोरी, नाति, नातिनीलगायत एकाघरमा बस्ने बालबालिका)लाई सामुदायिक विद्यालयमा पढ्ने व्यवस्था मिलाउनुपर्ने निर्णय गरेको छ ।

आउँदो शैक्षिक सत्र २०८२ देखि जुनसुकै स्थानमा भए पनि सार्वजनिक पदम भएका व्यक्तिले आ-आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने निर्णय गरिएको नगरप्रमुख ओझाले बताए । विद्यालय व्यवस्थापन समिति, प्रद्यानाध्यापकलगायतको बैठक राखेर निर्णय कार्यान्वयनका लागि निर्देशन दिने कार्य गरिएको उनको भनाइ छ ।

'सामुदायिक विद्यालयलाई व्यवस्थित र प्रभावकारी बनाई गुणस्तर सुधार गर्ने उद्देश्य राखेका छौं,' उनले भने, 'सार्वजनिक पदमा रहेका व्यक्तिले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउँदा अन्यको पनि आकर्षण बढ्छ ।'

उनका अनुसार नगरपालिकाले संस्थागत विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, अभिभावक र अन्य संलग्न व्यक्तिले सामुदायिक विद्यालयको कुनै पनि प्रशासनिक निकाय र व्यवस्थापकीय जिम्मेवारीमा रहन नपाउने व्यवस्था गरेको छ ।

# छोरीबुहारीले धानेको पाल्ही बहुमुखी क्याम्पस

■ अनिल यादव

**नवलपरासी (बर्दघाट)-** पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नं ४ जितपुरमा रहेको पाल्ही बहुमुखी क्याम्पसमा छात्राहरूको बाहुल्यता छ । त्यसमा पनि मधेसी समुदायका छात्राहरूको संख्या अधिक छ । त्यहाँ अध्ययन गर्ने छात्राहरूमध्ये विवाहित र अविवाहितको संख्या बराबरजस्तै छ ।

तराई क्षेत्रमा विवाह भएपछि अधिकांशले बुहारीलाई पढाउन स्कुल, कलेज नपठाउने प्रचलन अझ पनि कायमै छ, तर अहिले भने क्रमशः त्यो प्रचलन हट्दै गएको छ । त्यसको उदाहरण यही क्याम्पसमा अध्ययन गर्न आउने विवाहित छात्रालाई लिन सकिन्छ ।

पाल्ही क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरू सबैजसो स्थानीय ग्रामीण भेगका छन् । विद्यार्थी संख्या हेर्दा उक्त क्याम्पस ग्रामीण क्षेत्रका छोरीबुहारीले चलेकोभन्दा फरक पर्दैन । क्याम्पस प्रशासनका अनुसार, क्याम्पसमा अध्ययन गर्ने छोरीबुहारीको संख्या ७४ प्रतिशत छ । यस क्याम्पसमा कूल विद्यार्थी संख्या ५०१ छ । जसमा छात्राको संख्या ३७० रहेको क्याम्पसका सहायक प्राध्यापक सञ्जीव कोइरालाले जानकारी दिए । जिल्लाकै पहिलो क्याम्पसका रूपमा रहेको यो क्याम्पस २०४६ साल वैशाख १२ गतेदेखि सञ्चालनमा आएको हो ।

भारतीय सीमा क्षेत्रसँग जोडिएको हुनाले यो क्याम्पस अध्ययन गर्नेहरू अधिकांश मधेसका छोरीबुहारी छन् । रामग्राम नगरपालिका, पाल्हीनन्दन गाउँपालिका र सराबल गाउँपालिकाबाट विद्यार्थीहरू अध्ययनका लागि यहाँ पुग्ने गरेका छन् । आर्थिक अवस्था राम्रो भएकाहरू भैरहवा, बुटवल र काठमाडौं अध्ययनका लागि जाने गरेका छन् । तर कम आयस्रोत भएका र विवाहित तथा मधेसी समुदायका अधिकांश छोरीको उच्च शिक्षा हासिल गर्ने शैक्षिक संस्थाका रूपमा यो क्याम्पस रहेको छ ।

पछिल्लो समय मधेसी समुदायमा पनि शिक्षाको चेतना बढेपछि छोरीबुहारीहरू उच्च शिक्षाका लागि आउने गरेको सहायक प्राध्यापक कोइरालाको बुझाइ छ । घरमा ससाना नानीबाबुलाई छाडेर उनीहरू बिहानको समयमा क्याम्पस आउने गरेका हुन् । बिहानी कक्षा भएकाले पनि उनीहरूको पढ्ने इच्छा पूरा हुनमा मद्दत गरेको छ ।

पाल्हीनन्दन गाउँपालिका-२ बस्ने प्रियंकाकुमारी मिश्रा यसको उदाहरण हुन् । उनी विवाहित हुन् । श्रीमान्, सासूससुराको सहयोग र प्रेरणाले उनी अहिले पाल्ही क्याम्पसको स्नातक तहको तेस्रो वर्षमा अध्ययनरत छिन् । उनी भन्छिन्, 'म शौभाग्यशाली छु, राम्रो परिवार पाएकी छु, र उनहरूले नै मलाई प्रेरणा दिएर पढ्न पठाउनुभएको छ ।'



हुनतः प्रियंकाले पहिलोपटक २०७४ सालमा क्याम्पसमा स्नातक तहमा भर्ना भएर प्रथम वर्षको परीक्षा पनि उत्तीर्ण भइन् तर दोस्रो वर्षको परीक्षा भने दिइनन् । पढाइ बीचमै छोडिन् । पढाइ छोड्नुका कारण उनको पारिवारिक समस्या वा चुनौती थिएन, उनी आफैंले छाडेकी थिइन् । उनले भनिन्, 'दोस्रो वर्षको परीक्षा दिने बेलासम्म मेरो बच्चा जन्मियो, पढाइ रोकियो । त्यसपछि मेरो बच्चा ठूलो भयो र म २०७९ सालमा फेरि सुरुदेखि पाल्ही क्याम्पसमा भर्ना भएर पढाइलाई निरन्तरता दिँदै छु ।'

उनी भन्छिन्, 'म ब्राह्मण समुदायको बुहारी हुँ र हाम्रो समुदायमा छोराछोरी जन्मिएपछि बुहारीले पढाइलाई निरन्तरता दिएका कमै होलान् । अझै म मधेसको पनि भारतसँग सीमा जोडिएको बस्ती, समुदायको हुँ जहाँ अहिले पनि बुहारीहरू घरकै कामकाजमा व्यस्त देखिन्छिन् । तर मेरो श्रीमान् र सासूससुराले शिक्षाको महत्त्व बुझेर होला मलाई पढ्नबाट रोक्नुभएन र अवसर दिए ।'

प्रियंकाजस्तै अन्य बुहारीहरूले पनि यसैगरी विवाहपछिको पढाइलाई निरन्तरता दिएका छन् । नवलपरासीको सुनवल नगरपालिका-९ सोवाठी माइत भएकी अनिताको रूपन्देहीको रोहिणी गाउँपालिका-२ मा कक्षा १२ सम्म पढेपछि बिहे भयो । बिहेपछि पढाइले निरन्तरता पाउँछ भन्नेमा उनलाई शंका थियो । तर अनिता अहिले पाल्ही क्याम्पसमा स्नातक तहमा अध्ययनरत छिन् । उनले भनिन्, 'मेरो श्रीमान्ले नै पढ्नुपर्छ भनेर मलाई हौसला दिनुभएको हो । अहिले म माइतमा बसेर पाल्ही क्याम्पस धाउँदै छु ।'

अझै परिवारमा सबै कुरालाई व्यवस्थापन गरेर निरन्तर कक्षामा सहभागी हुन मधेसका बुहारीलाई चुनौतीको विषय हो । तर उनीहरू सबै काम र परिवारिक सम्बन्धलाई राम्रो बनाउँदै दिनहुँ कक्षामा उपस्थित हुन्छन् । उनीहरूमध्ये सबैभन्दा बढी चुनौती स्नातक तहमै अध्ययनरत छात्रा रामग्राम-७ उजैनी बस्ने चन्दा हरिजनलाई छ । चन्दाका दुई बच्चा छन् । सानो बच्चा सात महिनाको छ । तर उनी कक्षामा नियमित उपस्थित हुने गर्छिन् । उनी भन्छिन्, 'मेरो दुवै बच्चालाई सासूससुराले हेरचाह गर्नुहुन्छ, म बिहानै कलेज आउँछु । क्याम्पसबाट घर गएर बालबच्चाको हेरचाहपछि फुर्सद निकालेर पढ्ने गरेकी छु । मेरो पढाइलेखाइमा मलाई सासूससुराको ठूलो सहयोग छ, नत्र सातमहिने बच्चालाई घरमा छाडेर म कसरी पढ्न पाउँथे र ?'

बुहारी पढ्न जाने भएपछि बिहानको खाना बनाउन सासूससुराले सघाउने गरेको उनले सुनाइन् । 'बच्चालाई आवश्यक कुराहरू बेलुकै तयार गर्छु । उनीहरूलाई बिहान आवश्यक पर्ने लत्ताकपडा सबै मिलाएर मात्रै म बिहान क्याम्पस पढ्न आउँछु,' उनले भनिन् ।

त्यस्तै, रामग्राम नगरपालिका-१५ घिन्हा बस्ने रिनु चौधरीको पनि पारिवारिक अवस्था उस्तै छ । उनको पनि १३ महिनाको बच्चा छ । परिवारकै जिम्मा लगाएर निरन्तर कक्षामा सहभागी हुनेगरेको उनले सुनाइन् । परिवारमा रहनुभएका सासूससुरा र श्रीमान्को सहयोग भएन भने पढाइलाई निरन्तरता दिन गाह्रो छ । तर यो सबै सम्भव भएको पनि पाल्ही क्याम्पसले हो भनेर उनीहरूले क्याम्पसलाई श्रेय दिएका छन् । 'क्याम्पस नजिक छ, हाम्रा अभिभावकको मन जितेको छ, त्यसैले हामीले पढाइलाई बुहारी भएर पनि निरन्तरता दिन पाएका छौं,' रिनुले भनिन् ।

'परासीसम्म बुटवल र भैरहवादेखि बस नै आउँछ तर हामीलाई घरदेखि लिएर पढाइका सबै कुरा व्यवस्थापन गर्न पाल्ही क्याम्पसले मात्रै सम्भव भएको पायौं र यसै क्याम्पसलाई रोजेका छौं । हाम्रो समुदायस्तरमा छोरीबुहारीलाई घरभित्रको काममा मात्रै सीमित गर्ने चलन पनि यसै क्याम्पसले तोड्दै छ,' उनीहरू भन्छन् ।

'हामीलाई थोरै चुनौती जाडो समयमा हुने गरेको छ,' चन्दा हरिजन भन्छिन्, 'जाडो समयमा अबेरसम्म अँध्यारो नै हुन्छ र त्यसमा पनि जाडो । त्यसैले अँध्यारोमा अन्य केही समस्या नहोस् भनेर सकेसम्म हाम्रो घरका कोही न कोही सदस्य क्याम्पस नजिकसम्म छोड्न आउनुहुन्छ । हामी सबैको घर क्याम्पस नजिक छैन, कसैको घर १० किलोमिटर टाढा त कसैको सात/आठ किलोमिटर छ । हामी कलेज जाँदा साइकल लिएर जान्छौं । त्यसैले अँध्यारोमा कसैले हामीसँग दुर्व्यवहार नगरोस् भनेर सकेसम्म हामी अभिभावकको सहयोगमा जाडो समयमा क्याम्पस आउने गरेका छौं ।'

क्याम्पसको भौतिक अवस्था केही वर्ष पहिला खासै राम्रो नभए पनि अहिले क्याम्पसको भौतिक सेवा सुविधामा सुधार हुँदै गएको क्याम्पस प्रमुख दीपक अर्यालले बताए । 'कुनै समय यसै क्याम्पसमा कक्षाकोठाको अभाव थियो तर अहिले हामीले त्यो सबै व्यवस्थापन गरिसकेका छौं,' उनले भने ।

स्थानीय रामग्राम नगरपालिका, विश्वविद्यालय अनुदान आयोगको सहयोग र यसै क्याम्पसको संयुक्त लगानीमा अहिले महिला शौचालयसहित भौतिक सुविधामा सुधार भएको छ । पढ्ने इच्छा भएका तर पारिवारिक समस्याले टाढा जान नपाउने छात्राहरूका लागि यो क्याम्पस सबैभन्दा बढी रोजाइमा पर्ने गरेको अर्यालले बताए ।

त्यससँगै क्याम्पसमा आकर्षण बढ्नुमा छात्रवृत्तिको व्यवस्थाले पनि हो । 'संघ र प्रदेश सरकारसँगको सहकार्यमा बढीभन्दा बढी विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थापन गरेका छौं,' प्रमुख अर्यालले भने, 'खासगरी दलित, जनजाति, मुस्लिम र अपांगता भएका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध हुँदै आएको छ ।'

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष राधेश्याम पाठकले क्याम्पसको स्तरोन्नतिका लागि आफू निरन्तर प्रयासमा रहेको बताए । उनले भने, 'क्याम्पसमा कुनै समय विद्यार्थीहरूको अभाव थियो । तर अहिले धेरै सुधार छ ।' *रासस*

# गुल्मीमा चार महिनामै पक्की पुल निर्माण

**गुल्मी (प्रस)-** गुल्मीका एक निर्माण व्यवसायीले डेढ वर्षमा बन्ने पुल चार महिनामै निर्माण गरेका छन् । निर्माण व्यवसायी विजय खनालले गुल्मीको मदाने गाउँपालिकाअन्तर्गत अग्लु फेदी खोला पुल चार महिनामै निर्माण सम्पन्न गरेका हुन् ।

जिल्लामा सञ्चालित कयौं विकास योजनाहरू केही निर्माण व्यवसायीले समयमा काम नगरी अलपत्र परिहेको अवस्थामा खनालले डेढ वर्षको अवधिमा निर्माण सम्पन्न गर्नुपर्ने काम चार महिनामै सम्पन्न गरेका हुन् । गुल्मीको पञ्चमीपोखरी-अग्लुङ हुँदै प्युठान जोड्ने सडकमा पक्की पुल निर्माण गरिएको छ । छोटो अवधिमै पुल निर्माणको काम नगरेर खनालले काम गर्ने इच्छाशक्ति भएमा तोकिएको समय नै पर्खनुपर्छ भन्ने मान्यतालाई चिरेर नयाँ उदाहरण प्रस्तुत गरेका छन् ।

उक्त पुल निर्माणका लागि गत वर्ष जेठमा सम्झौता भएपछि बर्सात् सुरु भएको र त्यसपछि दसैंतिहारजस्ता चाडपर्वहरू परेका कारण त्यसपछि मंसिर महिनादेखि फागुनसम्म चार महिनामा लगातार काम गरेर पुल निर्माणको काम सम्पन्न गरिएको निर्माण व्यवसायी विजय खनालले बताए । तर समयमै काम सम्पन्न गरे पनि ६० लाख रूपैयाँ अझै भुक्तानी पाउन बाँकी रहेको खनालले गुनासो गरे ।

खनालले आफूले निर्माणको जिम्मा लिएका ९९ प्रतिशत योजनामा म्याद थप नगरेको बताए । यति छोटो समयमा पुल निर्माण भएसँगै त्यस क्षेत्रका नागरिकहरू पनि अचम्म परेका छन् । मदाने गाउँपालिका-१ का वडाध्यक्ष सुशील चन्दले निर्माण व्यवसायीमा इच्छाशक्ति भएमा योजना कसरी सम्पन्न हुन्छन् भन्ने नयाँ उदाहरण खनालले देखाएको बताए ।

सडक पुर्वाधार कार्यालय गुल्मीमार्फत पुल निर्माणका लागि कमल-अर्जुन-सिटी जेभीले गत वर्षको जेठ ८ गते सम्झौता गरेको थियो । उक्त पुल भ्याटसहित चार करोड १४ लाख २९ हजार रूपैयाँको लागतमा सम्झौता भएको सडक पूर्वाधार कार्यालय गुल्मीका प्रमुख इञ्जिनियर सचिदानन्द चौधरीले जानकारी दिए ।

गत मंसिर पहिलो हप्ता लुम्बिनी प्रदेशका भौतिक पूर्वाधारमन्त्री भूमिश्वर ढकाल र कृषि भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री दिनेश पन्थीले पुलको शिलान्यास गरेका थिए ।

# मुस्ताङमा अवैध शालिग्राम बरामद

**मुस्ताङ (प्रस)-** प्रहरीले अवैध शालिग्राम बरामद गरेको छ । जिल्लाको बारागुङ मुक्तिक्षेत्र-३ स्थित इलाका प्रहरी कार्यालय छुसाङ चेक पोस्टले ३४ वटा सेतो बोरामा 'प्याकिङ' गरिएको ८९४ केजी शालिग्राम शिला बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

जिल्लाको लोघेकर दामोदरकुण्ड गाउँपालिका-३ घमिबाट जोमसोमतर्फ आउँदै गरेको ग ३ च ८१५२ नं को बोलेरो जीपलाई शंका लागि जाँच गर्दा अवैध शालिग्राम प्रहरीले फेलापारी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिए ।

लोघेकर दामोदरकुण्ड-५ सुर्खाङ बस्ने ४१ वर्षीय कुनसाङ रेञ्जिङ गुरुङले बोलेर जीपमा लोड गरेर अवैध रूपमा लुकाइछिपाइ शालिग्राम जोमसोमतर्फ ल्याउँदै गर्दा इलाका प्रहरी कार्यालय छुसाङले बरामद गरेको प्रहरी निरीक्षण अधिकारीको भनाइ छ । अवैध रूपमा ल्याउँदै गरेको शालिग्रामसहित जीप, चालक र शालिग्राम ल्याउने धनीलाई अन्नपूर्ण संरक्षण कार्यालय जोमसोममा पेस गरिएको प्रहरीले जनाएको छ ।

एक्याप जोमसोमले शालिग्राम शिलासहित जीप, चालक र शालिग्राम ल्याउने धनीलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापको प्रधान कार्यालय पोखरामा अनुसन्धानका लागि पठाइसकेको कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिए ।

जिल्लाको दामोदरकुण्ड हुँदै कालीगण्डकी नदीमा जम्मा हुने शालिग्रामलाई हिन्दू धर्मशास्त्रमा विष्णु भगवान्को प्रतीकको रूपमा पुज्ने गरिन्छ । व्यावसायिकरूपमा ठूलो परिमाणमा शालिग्राम ओसारपसार गर्नेविरुद्ध मुस्ताङ प्रशासन, प्रहरी र एक्यापले कडान निगरानी गर्ने गरेको छ । व्यक्तिगतरूपमा फुटकर शालिग्राम शिला खरिद गरेर जिल्लाबाहिर लैजानका लागि प्रशासन, प्रहरी र एक्यापले छुट दिएको छ ।

जिल्लामा सडक सञ्जालको विकाससँगै शालिग्राम दोहनको क्रम बढ्दो अवस्थामा छ । जिल्लामा आउने वार्षिक पाँच लाख भक्तजनले एक/एक वटा शालिग्राम खरिद गरेर लैजाने हो भने पनि मुस्ताङबाट ठूलो परिमाणमा शालिग्राम जिल्लाबाट बाहिरिने गर्छ ।

यहाँको कागबेनी, मुक्तिनाथ, जोमसोमलगायतका स्थानमा फुटकर व्यवसायीले शालिग्राम बिक्रीका लागि राखेका हुन्छन् । जिल्लामा पर्यटक आगमन बढेसँगै शालिग्राम संरक्षणको विषय निकै चुनौती बनेको छ ।


**मलेसियामा रोजगार** कम्पनी : AT GUARDS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१० | LT. No. 298193 | चलानी नं. ६०२१३६९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 144 | 0 | 1500 | ४६,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Sunsari Multiple Training Centre, Itahari-4, Sunsari मा मिति: २०८२ वैशाख ४/५ गते (17/18 Apr. 2025) मा हुनेछ । Mobile : 9802712000

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**चाइनिज भाषा बोल्न र बुझ्न जान्ने व्यक्तिलाई विषेश प्राथमिकता दिइने छ ।**

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम इजाजत नं. ६८४/०६३/०६४

प्रभाव दैनिक

रूपशाला


## 'हेल्लो काँशीराम' को टिजर सार्वजनिक

आगामी जेठ २ गतेबाट देशभरका हलमा एकसाथ प्रदर्शनमा आउने चलचित्र 'हेल्लो काँशीराम' को टिजर सार्वजनिक गरेको छ । टिजर देशको व्यथितिमाथि तिखो व्यंग्य गरेर तयार पारिएको छ। टिजर हेरिसकेपछि यस चलचित्रमा नेपालको राजनीतिमा बाहिरी मुलुकहरूको हस्तक्षेपलाई नजानिँदो तरिकाले व्यंग्य गरिएको बुझ्न सकिन्छ । रेडलाइन फिल्मस् प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रको लेखन तथा निर्देशन रिम विश्वकर्माले गरेका हुन्, उनी पुराना निर्देशक हुन् । यस चलचित्रलाई पीवी थापाले लगानी गरेका हुन् ।





मंगलबार, ०२ वैशाख २०८२ (Tuesday, April 15, 2025)


# पल शाह पनि अब चलचित्र निर्माणमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म क्षेत्रमा एक दशकदेखि चर्चामा रहेका नायक पल शाह अब निर्माता बन्ने भएका छन् । नयाँ वर्षको अवसर पारेर पलले निर्माण गर्न लागेको पहिलो फिल्मको घोषणा गरिएको छ ।

पल शाह फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्मको नाम 'यानीमाया' राखिएको छ । यो फिल्मलाई विकास सुवेदीले निर्देशन गर्दैछन् । विकासले फिल्म 'प्रकाश, पुजार सार्की र महाभोज'को कथा लेखेका थिए । यही फिल्मबाट उनले निर्देशनमा डेब्यू गर्न लागेका हुन् ।

फ्यामिली ड्रामा कथामा आधारित रहेर यो फिल्म बन्नेछ । फिल्मको स्क्रिप्ट पनि निर्देशक



विकास सुवेदीले नै लेखेका हुन् । विकासले लेखेका तीन फिल्म पनि सामाजिक कथावस्तुमै तयार भएका थिए । उनले आफ्नै स्टाइलको फिल्म बनाउन लागेको जानकारी दिए ।

नायक पल शाहले पनि पल शाह फिल्मस्लाई दर्शकहरूले निकै माया दिएको भन्दै अब आफू फिल्म निर्माणमा अगाडि बढेको बताए । उनले फिल्म निर्माणमा पनि दर्शकहरूबाट अपार माया र साथ पाउने विश्वास व्यक्त गरेका छन् ।

फिल्मको छायाङ्कन असारबाट सुरु गरिने जानकारी निर्माणपक्षले दिएको छ । फिल्ममा कलाकारहरू फाइनल गर्न बाँकी रहेको निर्देशक सुवेदीले बताए ।

# अशोक शर्माको 'डबल ट्रिपल'को प्रदर्शन मिति परिवर्तन


■ प्रभाव संवाददाता

**काठमाडौं–** अशोक शर्माको निर्देशनमा निर्माण हुने फिल्म 'डबल ट्रिपल' को प्रदर्शन मिति परिवर्तन गरिएको छ । यसअघि दसैंको फूलपातीमा रिलिज हुने भनिएको फिल्म अब फागुन १ गतेबाट भ्यालेनटाइन डेको अवसरमा प्रदर्शनमा आउने भएको हो । नेपाली नयाँ वर्ष २०८२ को पूर्व सन्ध्यामा सामाजिक सञ्जाल फेसबुकमा एक पोस्ट लेख्दै निर्देशक शर्मामाले 'डबल ट्रिपल'को नयाँ प्रदर्शन मिति घोषणा गरेका हुन् ।

निर्देशक शर्माले फेसबुक पोस्टमा लेखेका छन्,'दसैंमा धेरै फिल्महरू आउने भए भरसक मिलाएर ल्याएर निर्माता साथीहरू पनि सेफ होस् भन्ने हेतुले सहमति बनाउने प्रयास गर्दा कोही पनि एक इन्च सर्न पनि तैयार भएनन् त्यसैले 'डबल ट्रिपल' अब २०८२ फागुन १ गते रिलिज हुनेछ ।'

फिल्ममा दयाहाङ राई, खगेन्द्र लामिछाने, मिरुना मगर, केकी अधिकारी, राजाराम पौडेल, उदय सुब्बा, विल्सन विक्रम राई, माओत्से गुरुङ, बुद्धि तामाङ, रामप्रसाद खनाल तथा सुरवीर पण्डितको अभिनय रहनेछ ।

फिल्मको कथा र पटकथा निर्देशक शर्माले राजेश सिटौलासँग मिलेर लेखेका हुन् । फिल्ममा शम्भुजित बाँस्कोटाको संगीत, शान बस्न्यातको संवाद, आलोक शुक्लाको छायाङ्कन, राजु किराँतीको एक्सन तथा सुनिल क्षेत्रीको नृत्य निर्देशन रहनेछ । फिल्मको निर्मातामा किरण शर्मा पौड्याल, कृति शर्मा तथा अङ्कित शर्मा रहेका छन् ।




# सलमानलाई फेरि ज्यान मार्ने धम्की



■ प्रभाव संवाददाता

**मुम्बई–** बलिउड सुपरस्टार सलमान खानलाई दिइने धम्कीको शृफ्ला सुस्त हुने संकेत देखिएको छैन ।

अहिले फेरि सलमान खानलाई ज्यान मार्ने धम्की आएको छ । मुम्बईको वर्ली ट्राफिक डिपार्टमेन्टको व्हाट्सएप नम्बरमा एक अज्ञात व्यक्तिले सलमानलाई मार्ने धम्की दिए र उनको कार बमले उडाउने कुरा पनि गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

गत वर्ष सलमानको ग्यालेक्सी अपार्टमेन्ट बाहिर गोली हानाहान भएको थियो, त्यसपछि उनलाई विभिन्न माध्यमबाट धेरै पटक धम्की आएको थियो । तर, सलमान खानलाई दिएको यो धम्की पछि प्रहरी कारबाहीमा लागेको छ, जसअनुसार यस धम्कीको पछाडीको घटनामा शंकास्पद दुई युवाको पनि खोजी गरिएको छ ।

रिपोर्टका अनुसार सोमबार अर्थात अप्रिल १४ मा सलमान खानलाई धम्की आएपछि उनको घर ग्यालेक्सी अपार्टमेन्ट बाहिर दुईजना संदिग्ध युवाको खोजी गरिएको थियो । दुई युवा शङ्कास्पद अवस्थामा घुमफिर गरेको फेला परे पछि मुम्बई प्रहरीले उनीहरूलाइ नियन्त्रणमा लिएको थियो । यस अवधिमा ती मानिसको रातो टोपी हटाइयो, उनको पाइन्टको खल्ती छामियो र दुबै राम्रोसँग सुरक्षा जाँचसमेत गरिएको थियो । तर, कुनै प्रमाण नभेटे पछि शंकास्पद ती युवालाई ५ मिनेटको चेकजाँच पछि जान दिइयो ।

खासमा सन् २०२४ मा सलमान खानको ग्यालेक्सी अपार्टमेन्टमा गोली हानाहान भएदेखि उनको समस्या बढ्दै गएको छ। यो घटनापछि सलमान खानको सुरक्षा एकपटक फेरि बढाइएको छ । अभिनेताको घर ग्यालेक्सी अपार्टमेन्ट बाहिर कुनै पनि कार पार्क गर्न अनुमति दिइएको छैन ।

यसबाहेक कसैलाई पनि फोटो खिच्न पनि रोक लगाइएको छ । वास्तवमा सलमान खान, शाहरूख खान र अमिताभ बच्चन यस्ता स्टार हुन् जसको घरबाहिर दर्शकको ठूलो भीड देखिन्छ तर सलमान खानलाई ज्यान मार्ने धम्की बाराम्बार आएपछि उनको सुरक्षा फेरि बढाइएको छ । उनको घरबाहिर पनि प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको छ ।



# फोर नेसन्स कपमा नेपाललाई चार स्वर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं–** भुटानको थिम्पुमा सम्पन्न फोर नेसन्स कप बक्सिङ च्याम्पियनसिप २०२५ मा नेपालले चार स्वर्ण, तीन रजत र दुई कास्य पदक जितेको छ । यो नतिजासँगै ४ राष्ट्र सहभागी भएको प्रतियोगितामा नेपाल दोस्रो भयो । भुटान पहिलो भयो ।

यिनै चार टिमको संयुक्त प्रशिक्षण शिविर पनि सम्पन्न भएको नेपाल बक्सिङ महासंघका उपाध्यक्ष श्यामकाजी अवालेले जनाएका छन् । प्रशिक्षण अप्रिल ८-१० तारिख तथा प्रतियोगिता अप्रिल ११-१३ तारिखसम्म भएको थियो ।

नेपालको ७ खेलाडी फाइनल पुगेकोमा चारले स्वर्ण जित्न सफल भए । महिला ५० केजी तौल समूहमा नेपालकी आरती बम्जनले भुटानकी जामो जिग्दाललाई ५-० अंकमा पराजित गरी पहिलो स्वर्ण दिलाइन् । महिला ५२ केजीमा नेपालकी अस्मिता दुवालले भुटानकै डेमो नोर्नुलाई ५-० अंकले आधारमा हराउँदै नेपाललाई दोस्रो स्वर्ण दिलाइन् ।



त्यसैगरी महिला ५४ केजीमा नेपालकी वर्षा श्रेष्ठले भुटानकै लामो तासीलाई ४-१ अंकको पछि पार्दै स्वर्ण जितिन् । पुरुष ५१ केजीमा नेपालका लक्ष्मण राईले भारत (सिक्किम) का कृष्ण कैलाश राईलाई ५-० अंकको आधारमा पाखा लगाउँदै स्वर्ण जिते । पुरुष ४८ केजीमा नेपालका लालप्रसाद उप्रेती भुटानका प्रतिस्पर्धात्मक खेलमा दोर्जे मगरसँग ४-१ अंकले पराजित हुँदै दोस्रो भए ।

पुरुष ५४ केजीमा नेपालले ठूलो आशा गरिएका चन्द्रबहादुर थापा बंगलादेशका महोमद उन्सोवसँग फाइनलमा ३-२ अंकले चुके । तीनै राउन्ड नै आफ्नो पक्षमा पार्दै उत्कृष्ट खेल प्रदर्शन गरेका चन्द्रले अन्तिम राउन्डमा रेफ्रीको चेतावनी पाई अंक बराबर हुँदा पुनः जजहरूले अंक दिदा ३:२ ले पछि पर्दै रजतमा सीमित भए । यस अघि चन्द्रले सेमिफाइनलमा भारतका खेलाडीलाई ५-० ले पन्छ्याउँदै फाइनल पुगेका थिए ।

**एनएसएल फुटबल**

# झापाको पहिलो हार, धनगढी प्लेअफमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगातार तेस्रो जित निकाल्दै साबिक उपविजेता धनगढी एफसी नेपाल सुपर लिग (एनएसएल) को प्लेअफमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार सम्पन्न दिनको दोस्रो खेलमा धनगढीले झापा एफसीलाई १-० ले पराजित गरेको हो । जितसँगै शीर्ष स्थानमा उक्लिएको धनगढीले पाँच खेलबाट ११ अंक पुऱ्याएको छ । धनगढी प्लेअफमा पुग्ने दोस्रो टोली हो । यसअघि नै समान अंक भएको साबिक विजेता ललितपुर सिटी एफसी प्लेअफमा प्रवेश गरिसकेको छ ।

झापाले भने जारी लिगमा पहिलो पराजय बेहोरेको हो । यसअघिका चार खेलमा झापाले बराबरीको नतिजा हात पारेको थियो । योसँगै झापाको प्लेअफ सम्भावना कमजोर बनेको छ ।

धनगढीलाई जित दिलाउन ६०औं मिनेटमा भएको गोल नै निर्णायक बन्यो । सर्जियो बार्बोजाले दायाँ भागबाट दिएको क्रसलाई सिक्स यार्ड बक्समा रहेका अहमद हिजाजीले सामान्य टच गर्ने प्रयास गरेका थिए । तर, झापाकै रक्षक दीपेश धिमालको खुट्टामा बल लाग्दै गोलमा परिणत भएको हो । हुलमुलमा बल पुग्दा गोलकिपर एन्जल श्रेष्ठले नियन्त्रणमा लिने अवसर पाएनन् । निर्धारित खेल सकिन दुई मिनेटअघि झापाका प्रवेश खुलालले प्रहार गरेको चिप बारमा लागेर फर्किएको थियो । उक्त बललाई एरोन थापाले प्रयास गरे पनि सफल भएनन् । इन्जुरी समयको तेस्रो मिनेटमा एरोनले अर्को मौका गुमाए ।

गिरोको पासमा उनले प्रहार गरेको पावरफुल सट गोलकिपर वादिल विरोउले बचाए । रिबाउन्डमा प्रविण बस्नेतले प्रयास गरे पनि अफसाइड ठहरिए ।

**यू-१९ विश्वकप एसिया छनौट**

# ओमानमाथि नेपालको सहज जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्पीनर युवराज खत्रीले ५ विकेट लिएपछि ओपनरले राम्रो ब्याटिङ गर्दै नेपालले आईसीसी यू-१९ विश्वकप एसिया छनोटमा लगातार दोस्रो जित निकालेको छ ।

माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा नेपालले ओमानमाथि ८ विकेटको सहज जित निकालेको हो । ११८ रनको लक्ष्य नेपालले १४.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो । निरज यादवले ४६ तथा साहिल पटेलले ४४ रन बनाए । ओमानका सौम्या भविनले २ विकेट लिए ।

त्यसअघि युवराज खत्रीको पाँच विकेटमा नेपालले ओमानलाई ११७ रनमा अलआउट गरेको थियो । युवराजले ७ ओभरमा १५ रन दिएर ५ विकेट लिएपछि ओमान ३८ ओभरमा ११७ रनमा अलआउट भएको थियो ।

जीत ब्रजेश साहले अर्धशतक बनाए । ७८ बलमा ६ चौकासहित उनले ५२ रन बनाए । सिद्धार्थ सोम्या शंकरले १६ रन बनाए ।

नेपालका लागि युवराजको ५ विकेटसँगै सन्तोष यादवले २ तथा दयानन्द मण्डल, अशोक धामी र अपराजित पौडेलले १-१ विकेट लिए ।

पहिलो खेलमा यूएईलाई हराइसकेको नेपालले अब तेस्रो खेलमा बुधबार हङकङसँग खेल्ने छ । पहिलो खेलमा यूएईलाई हराएको अफगानिस्तानले शनिबार भएको अर्को खेलमा हङकङलाई हराएको छ ।

नेपाल, अफगानिस्तान, हङकङ, ओमान र यूएई सहभागी यस छनोटमा शीर्ष हुने टोली आगामी वर्ष हुने आईसीसी यू-१९ विश्वकपमा छनोट हुनेछन् ।



इजिप्टको कायरोस्थित गुफा चर्चमा पाम सण्डे मनाउन आइतबार आयोजित सामूहिक प्रार्थनासभामा उपस्थित क्रिश्चियन धर्मावलम्बीहरू । *तस्बिरः सिन्हवा*

# गाजा युद्ध अन्त्य गर्न बन्धकहरूलाई फिर्ता गर्न आग्रह

**जेरुसेलम-** इजरायलको मोसाद गुप्तचर निकायका २५० भन्दा बढी पूर्वअधिकारीले गाजा पट्टीमा जारी युद्ध तत्काल अन्त्य गर्न र त्यहाँ रहेका इजरायली बन्धकहरूको रिहाइका लागि आग्रह गरेका छन् । उनीहरूले एक पत्रमा हस्ताक्षर गरी युद्ध अन्त्य र बन्धकको रिहाइका लागि आग्रह गरेको इजरायलको सरकारी स्वामित्वको कान टिभी न्युजले आइतबार जनाएको छ ।

मोसादका तीन जना पूर्वप्रमुख डानी याटोम, एफ्रेम हालेभी र तामिर पार्डोका साथै उक्त सेवाबाट निवृत्त भएका अन्य दर्जनौं अनुभवी अधिकारीले हस्ताक्षर गरेका छन् । मोसादका पूर्वसदस्यहरूले पत्रमा भनेका छन्, 'निरन्तरको लडाइँले बन्धक र हाम्रा सैनिकको जीवनलाई खतरामा पार्छ र त्यो दुःखको अन्त्य गर्ने सम्झौतामा पुग्नका लागि सबै सम्भावनाहरू खोजिनुपर्छ । साहसी निर्णय गर्न र देशको सुरक्षाका लागि जिम्मेवार भएर काम गर्न हामी सरकारलाई आह्वान गर्दछौं ।'

उनीहरूले आरक्षित वा सेवानिवृत्त सयौं सैन्य एयर सदस्यहरूको पक्षमा समर्थन व्यक्त गर्दै शत्रुताको अन्त्य र बन्धकहरूको फिर्तीका लागि आह्वान गरेका हुन् । बिहीवार एयरक्रुहरूको पत्र प्रकाशित भएपछि इजरायली वायु सेनाका कमाण्डर टोमर बारले हस्ताक्षरकर्ताहरूमध्ये सक्रिय रिजर्भिस्टहरूको सेवा समाप्त गर्ने निर्णय गरेका छन् ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बर्खास्तीको निर्णयको समर्थन गर्दै हस्ताक्षरकर्ताहरूलाई 'साना अतिवादी समूह' को संज्ञा दिएका छन् भने उनीहरूले 'इजरायली समाजलाई भित्रबाट तोड्न' प्रयास गरिरहेको बताएका छन् ।

आइतबार पनि करिब २०० इजरायली सैन्य चिकित्सकले युद्ध रोक्न र बन्धकहरूलाई घर फर्काउन माग गर्दै एउटा निवेदनमा हस्ताक्षर गरेको पत्रको प्रतिलिपि प्रकाशित गर्ने विभिन्न सञ्चारमाध्यमले जनाएका छन् । 'गाजामा जारी लडाइँको मुख्य उद्देश्य कुनै सुरक्षा उद्देश्यविना राजनीतिक र व्यक्तिगत स्वार्थ पूरा गर्नु हो र यसले सैनिक र बन्धकहरूको जीवनलाई खतरामा पार्छ,' विज्ञप्तिमा भनिएको छ ।

हमासले सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आक्रमणका क्रममा २५१ जनालाई गाजामा बन्धक बनाएको थियो । हाल गाजामा ५९ जना इजरायली बन्धक रहेका छन् र तीमध्ये २४ जना अझै जीवित रहेको अनुमान गरिएको छ ।

इजरायल र हमासबीच गत जनवरीमा तीन चरणको युद्धविराम सम्झौता भएको थियो । तर, पहिलो छ हप्ताको वार्ता मार्च १ मा सकिएपछि दोस्रो चरणको वार्तामा गतिरोध उत्पन्न भएको छ । त्यसपछि इजरायलले युद्धविरामको गतिरोधका बीच मार्च १८ मा गाजामा सैन्य कारबाही पुनः सुरु गरेको थियो । *रासस⁄सिन्हवा*

# ट्रम्पको अडानः कर वृद्धिमा कुनै पनि देशलाई नछोडिने

**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कुनै पनि देश करको 'दायराबाट बाहिर नरहेको' चेतावनी दिएका छन् । ट्रम्पले विशेषगरी चिनियाँ आयातलाई लक्षित गरी विश्वव्यापी कर आक्रमण सुरु गरेदेखि नै विश्वका दुई ठूला अर्थतन्त्रहरूले तीव्र गतिमा कर वृद्धिको प्रतिशोधात्मक उपायलाई अपनाएको र यसले विश्वको अर्थतन्त्र उच्च जोखिमको खेलमा फसेका छन् ।



'जस्तालाई तस्तै' व्यवहारको आदानप्रदानले चीनमाथि लगाइएको अमेरिकी कर १४५ प्रतिशतसम्म बढेको छ भने बेइजिङले अमेरिकी आयातमा प्रतिशोधात्मक १२५ प्रतिशत कर लगाएको छ । अमेरिकी पक्षले शुक्रबार स्मार्टफोन, ल्यापटप, सेमिकण्डक्टर र अन्य इलेक्ट्रोनिक उत्पादनहरूका लागि कर छुटको सूची दिँदै दबाबलाई केही कम गरेको थियो । यी उत्पादनका लागि चीन एक प्रमुख स्रोत हो ।

ट्रम्प र उनका केही शीर्ष सहयोगीहरूले ९० दिन कर छुटको गलत अर्थ लगाइएको आइतबार बताएका छन् । यो अस्थायी मात्र हुने छ किनकि ट्रम्पको टोलीले सूचीका धेरै वस्तुहरूमा नयाँ करहरू लगाउने दिशामा छलफल गरिरहेको छ ।

'चीनमात्र होइन, विशेषगरी जसले अहिलेसम्म हामीलाई करका हिसाबले सबैभन्दा खराब व्यवहार गर्दछ ! कोही पनि 'कर वृद्धि'को जोखिमबाट टाढा छैन,' अमेरिकी राष्ट्रपतिले शनिबार राति आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल प्लेटफर्म'मा जारी सन्देशमा भनेका छन् ।

यसअघि बेइजिङको वाणिज्य मन्त्रालयले शुक्रबारको कदमले 'एउटा सानो कदममात्र हो' भन्दै ट्रम्प प्रशासनले सम्पूर्ण कर रणनीति 'पूर्णरूपमा रद्द' गर्नुपर्नेमा जोड दिएको थियो । अमेरिकाले शुक्रबार स्मार्टफोन, कम्प्युटर र अन्य इलेक्ट्रोनिक्स सामानलाई 'पारस्परिक' करबाट छुट दिएको थियो । यसले लोकप्रिय उच्च प्रविधियुक्त उत्पादनका लागि अमेरिकी उपभोक्तामा पर्ने लागत प्रभावलाई कम गरेको छ ।

अमेरिकी भन्सार तथा सीमा सुरक्षा कार्यालयले शुक्रबार राति जारी गरेको सूचनामा चीनबाट अमेरिका भित्रिने स्मार्टफोन र अन्य प्रविधिजन्य सामानलगायत विभिन्न इलेक्ट्रोनिक सामानमा १४५ प्रतिशत थप कर लगाएको थियो । सेमिकण्डक्टरलाई अधिकांश अमेरिकी व्यापारिक साझेदारहरूमा 'आधार भूत' १० प्रतिशत कर र चीनमा थपिएको १२५ प्रतिशत करबाट पनि बाहिर राखिएको छ । नयाँ छुटले एनभिडिया र डेलजस्ता अमेरिकी टेक कम्पनीका साथै चीनमा आइफोन र अन्य प्रिमियम उत्पादनहरू बनाउने एप्पललाई फाइदा पुऱ्याउने छ ।

### अल्पकालिक राहत

अमेरिकी राष्ट्रिय प्रतिरक्षा सञ्जालका लागि महत्त्वपूर्ण मानिएका वस्तुहरूमा आगामी क्षेत्र-विशिष्ट करका लागि लक्षित प्राप्त केही छुट इलेक्ट्रोनिक्स उपभोक्ताहरूका लागि अल्पकालिक राहत हुन सक्छ । 'हामी आगामी राष्ट्रिय सुरक्षा कर अनुसन्धानमा सेमिकण्डक्टर र सम्पूर्ण इलेक्ट्रोनिक्स आपूर्ति श्रृंखलालाई हेरिरहेका छौं,' ट्रम्पले आइतबार भने ।

अमेरिकी राष्ट्रपति ट्रम्पले सोमबार 'अति विशिष्ट' विवरण दिने बताएका छन् भने उनका वाणिज्यमन्त्री हावर्ड लुटनिकले सेमिकण्डक्टर कर 'एक वा दुई महिनाभित्र' लागू हुने बताएका छन् । सबै अमेरिकी व्यापार असन्तुलनलाई शून्यमा ल्याउने उद्देश्यले करका लागि प्रशासनिक शब्द प्रयोग गदलुटनिकले भने, 'फार्मास्युटिकल उत्पादनहरू 'पारस्परिक'करभन्दा बाहिर पनि हुन सक्ने छन् ।'

ट्रम्पले यस महिनाको सुरुमा दर्जनौं व्यापारिक साझेदारहरूमाथि व्यापक आयात करको घोषणा गरेर वित्तीय बजारलाई एकपछि अर्को गर्दै ९० दिनको विरामको घोषणा गरेका थिए । चीनलाई उक्त छुटबाट बाहिर राखिएको छ ।ह्वाइट हाउसले ट्रम्प चीनसँग सम्झौता हुनेमा आशावादी रहेको बताएको छ, यद्यपि अमेरिकी अधिकारीहरूले यसका लागि बेइजिङले पहिले सम्पर्क गर्नुपर्ने बताएका छन् ।

ट्रम्पका व्यापार प्रतिनिधि जेमिसन ग्रीरले आइतबार सिबिएस 'फेस द नेसन' सँग कुरा गर्दै अमेरिकी राष्ट्रपति ट्रम्प र उनका चिनियाँ समकक्षी सी चिनफिङबीच वार्ताका लागि तत्काल कुनै योजना नभएको बताएका छन् । *रासस⁄एएफपी*

# सिरियाको पुनर्निर्माणमा सहयोग गर्न युएई तयार



**दुबई-** संयुक्त अरब इमिरेट्स (युएई) ले सिरियाको पुनर्निर्माणमा सहयोग गर्न चाहेको संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपतिले बताएका छन् । राष्ट्रपति अबुधाबीमा आइतबार सिरियाका अन्तरिम नेता अहमद अल-शरासँगको भेटमा नाह्यानले युएईले सिरियाको पुनर्निर्माणमा सहयोग गर्न चाहेको बताएका हुन् ।

सिरियाले संक्रमणकालीन चरणका चुनौतीहरूको सामना गर्न र सिरियाको पुनर्निर्माण गर्न, वामन्युज एजेन्सीले जनाएको छ । सिरियाली विदेशमन्त्री असद अल-शैबानीले शारासँगको भेटपछि भने, 'आज महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ ।'

सामाजिक सञ्जाल एक्समा गरेको एक पोस्टमा शैबानीले लगानीका क्षेत्रहरू, हवाई यातायातको पुनरुत्थान, र सबै क्षेत्रमा द्विपक्षीय सम्बन्धको सुदृढीकरणका बारेमा जानकारी गराएका थिए ।

एक दशकभन्दा लामो गृहयुद्धपछि गत डिसेम्बरमा लामो समयदेखि सत्तामा रहेका बशर अल असदलाई सत्ताच्युत गर्ने क्रममा भएको फिल्मी शैलीको आक्रमणको नेतृत्व गरेपछि शाराले आफ्नो देशका लागि खाडी राष्ट्रहरूसँग सहकार्यका लागि हात बढाएका छन् । तर विद्रोहीहरूले असदलाई सत्ताच्युत गरेको केही दिनपछि युएईका राष्ट्रपतिका सल्लाहकार अनवर गार्गाशले सिरियाका नयाँ शासकहरूको इस्लामवादी संलग्नतालाई सरकारले 'निकै चिन्ताजनक' महसुस गरेको बताएका थिए ।

सिरियाको सरकारी समाचार संस्था सानाका अनुसार गत जनवरीमा शाराले युएईका राष्ट्रपतिसँग फोनमा सम्बन्ध प्रगाढ बनाउने विषयमा कुराकानी गरेका हुन् । 'सिरियाको स्थिरता र सुरक्षा व्यवस्था समग्र क्षेत्रको हितमा छ,' युएईका राष्ट्रपतिलाई उद्धृत गर्दै आइतबार समाचार एजेन्सी रोयटर्सले जनाएको छ ।

उनले आगामी दिनमा सिरिया र त्यहाँका जनतालाई सक्दो सहयोग गर्न खाडी मुलुकले कुनै कसर बाँकी नराख्ने पनि बताएका थिए । विश्लेषकहरूले युएई सिरियाका नयाँ नेताहरूप्रति सशंकित रहेको बताएका छन् जसले इस्लामप्रति उसको अविश्वास र युद्धग्रस्त देशमा टर्कीको राजनीतिक प्रभावबारे चिन्ता व्यक्त गरेको छ । *रासस⁄एएफपी*

# संरक्षणवादले 'गन्तव्यमा पुगिँदैन' : राष्ट्रपति सी

**हनोई-** चिनियाँ राष्ट्रपति सी चिनफिङले भियतनामको भ्रमणका साथ दक्षिणपूर्वी एसियाको भ्रमण सुरु गर्न लागेका बेला संरक्षणवादले 'गन्तव्यमा नपुग्ने' र व्यापार युद्धबाट 'कोही विजेता' नहुने चेतावनी दिएका छन् ।

बेइजिङले क्षेत्रीय व्यापार सम्बन्धलाई मजबुत बनाउन र आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पले लगाएको ठूलो करको प्रभावलाई कम गर्न चाहेको बेला सीले यस वर्षको पहिलो विदेश भ्रमण गरेका छन् । उनले आफ्नो भ्रमणका क्रममा तीन दक्षिणपूर्वी एशियाली समकक्षीसँग भेटवार्ता गर्ने छन् र यसले एसियाली क्षेत्रका लागि 'विशेष महत्त्व बोकेको' बेइजिङले जनाएको छ ।

भियतनामको प्रमुख न्हान डान पत्रिकामा सोमबार प्रकाशित एक लेखमा सीले दुई देशलाई 'बहुपक्षीय व्यापार प्रणाली, स्थिर वैश्विक औद्योगिक र आपूर्ति शृंखला र खुला र सहयोगात्मक अन्तर्राष्ट्रिय वातावरणको दृढतापूर्वक रक्षा गर्न' आग्रह गरेका छन् । उनले 'व्यापार युद्ध वा कर युद्धले कुनै पनि विजेता उत्पादन गर्दैन र संरक्षणवादले कसैलाई कहीँ पनि पुऱ्याउँदैन' भन्ने बेइजिङको धारणालाई पनि दोहोऱ्याएका छन् ।

बेइजिङले आफूलाई यस महिना व्यापक करको घोषणा गरेका अस्थिर ट्रम्पको स्थिर विकल्पको रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेको छ । यद्यपि, विश्वबजारलाई अस्तव्यस्त बनाएपछि चीनबाहेकका राष्ट्रहरूविरूद्ध घोषणा गरिएको आधारभूत करबाहेक प्रायः सबै निर्णयलाई उल्टाउँदै ९० दिनका लागि छुट दिन ट्रम्प बाध्य बनेको विश्लेषकहरूले बताएका छन् ।

### लचिलो कूटनीति

भियतनाम १६१.९ अर्ब डलरको कारोबार गर्ने दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो चिनियाँ सामान खरिदकर्ता हो भने मलेसियाले २०२४ मा १०१.५ अर्ब डलरको सामान आयात गरेको थियो । दक्षिणपूर्वी एसियाली छिमेकीहरूसँगको सम्बन्धलाई मजबुत बनाउनाले पनि गत वर्ष चिनियाँ सामानको सबैभन्दा ठूलो एकल खरिदकर्ता हो र यसले अमेरिकाको करनीतिको प्रभावलाई कम गर्न मद्दत गर्न सक्छ ।



सी सोमबार र मंगलबार भियतनाममा रहने कार्यक्रम रहेको छ । यो उनको सन् २०२३ डिसेम्बरपछिको भियतनामको पहिलो भ्रमण हो । भियतनाम र चीन दुवै कम्युनिस्ट पार्टीद्वारा शासित पहिलेदेखि नै 'व्यापक रणनीतिक साझेदारी' गर्ने मुलुक हुन् । यो हनोईको सर्वोच्च कूटनीतिक स्थिति हो ।

भियतनामले लामो समयदेखि 'लचिलो कूटनीति' को दृष्टिकोण अपनाउँदै आएको छ र चीन र अमेरिका दुवैसँग राम्रो सम्बन्ध कायम राख्न प्रयासरत छ । दुई देशबीच घनिष्ठ आर्थिक सम्बन्ध छ, तर हनोईले विवादित दक्षिण चीन सागरमा बेइजिङको बढ्दो आक्रामकताविरूद्ध अमेरिकाको साथ भियतनामलाई रहेको छ ।

चीनले दक्षिण चीन सागरको लगभग सबै भाग आफ्नो भएको दाबी गर्दै आएको छ तर फिलिपिन्स, मलेसिया, भियतनाम, इण्डोनेसिया र ब्रुनाईले यसलाई विवादित बनाएका छन् । चिनियाँ नेताले आफ्नो सोमबारको लेखमा बेइजिङ र हनोईले वार्ताको माध्यमबाट ती विवादको समाधान गर्न सक्ने बताएका छन् ।

'हामीले मतभेदको उचित व्यवस्थापन गर्नुपर्छ र हाम्रो क्षेत्रमा शान्ति र स्थिरताको रक्षा गर्नुपर्छ,' सीले भने, 'दूर दृष्टिका आधारमा हामी परामर्श र वार्ताको माध्यमबाट सामुद्रिक मुद्दाहरूको उचित समाधान गर्न पूर्णरूपमा सक्षम छौं ।'

भियतनामपछि सीले मंगलबारदेखि बिहीबारसम्म मलेसियाको भ्रमण गर्ने छन् । मलेसियाका सञ्चारमन्त्री फहमी फजिलले सीको भ्रमण चीनसहित विभिन्न देशससँग बेहत्तर व्यापार सम्बन्ध बनाउनका लागि'सरकारको प्रयासको उपलब्धिको एक हिस्सा' भएको बताएका छन् ।

भ्रमणको क्रममा मलेसियापछि राष्ट्रपति सी बिहीबार नै दक्षिणपूर्वी एसियामा चीनको सबैभन्दा कट्टर सहयोगी मध्येको एक कम्बोडियाको भ्रमण गर्ने छन् । कम्बोडियामा बेइजिङले हालैका वर्षहरूमा आफ्नो प्रभाव विस्तार गरेको छ । *रासस⁄एएफपी*

# चीनको निर्यात १२.४ प्रतिशतले बढेको दाबी

**बेइजिङ-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका कारण बढ्दो व्यापार माहोललाई पार गर्दै चीनले गत महिनासम्मको १२ महिनाको निर्यातमा १२.४ प्रतिशतले वृद्धि भएको जनाएको छ ।

यो आँकडा ब्लुमबर्गको सर्वेक्षणमा अनुमान गरिएको ४.६ प्रतिशतको तुलनामा झण्डै तेब्बर बढी हो । बेइजिङको सामान्य भन्सार प्रशासनका अनुसार सोही अवधिमा आयात ४.३ प्रतिशतले घटेको छ ।

चीनका शीर्ष नेताहरूले गत महिना पाँच प्रतिशतको हाराहारीमा वार्षिक आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य राखेका थिए र आन्तरिक मागलाई मुख्य आर्थिक चालक बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीनले सुस्त उपभोग र सम्पत्ति क्षेत्रमा लामो समयसम्म ऋण संकटको सामना गरिरहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सुरु गरेको व्यापार युद्धका कारण यो नाजुक पुनरुत्थानले नयाँ चुनौतीको सामना गरिरहेको छ । *रासस⁄एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १८६००० | प्रति तोला - ० | प्रति तोला - १९६० |



**नयाँ वर्षमा फनपार्क** | नयाँ वर्षको अवसरमा सोमबार काठमाडौंको भृकुटीमण्डपमा रहेको फनपार्कमा घुमफिर तथा मनोरञ्जन लिन आएका सर्वसाधारण । उपत्यकाबासीले नजिकको गन्तव्यका रूपमा फनपार्कमा लिने गरेका छन् । *तस्बिरः हरिराम भेटुवाल/रासस*

## विकास खर्च चैत मसान्तसम्म २९ प्रतिशतमा सीमित

■ प्रभाव संवाददाता

**काठमाडौं –** चालु आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिसम्ममा विकास खर्च २९ प्रतिशतमा खुम्चिएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चैत ३० गतेसम्मको सरकारको पुँजीगत खर्च रु एक खर्ब दुई अर्ब ९० करोड बराबर मात्रै छ । पुँजीगत शीर्षकमा चालु आर्थिक वर्षका लागि सरकारले रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर विनियोजन गरेको थियो । वार्षिक विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च २९ दशमलव दुई प्रतिशत हो ।

विकास खर्च मात्र नभई यो अवधिको समग्र बजेट खर्च कमजोर देखिएको छ । वार्षिक विनियोजनको तुलनामा चैत मसान्तसम्ममा ५३ दशमलव ६७ प्रतिशत बराबर बजेट खर्च भएको हो । चालु आर्थिक वर्षका लागि सरकारले रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । चैत मसान्तसम्ममा रु नौ खर्ब ९८ अर्ब ५० करोड बराबर खर्च भएको छ ।

त्यस्तै, चालु शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड विनियोजन भएकामा ५९ दशमलव ४५ प्रतिशत अर्थात् रु छ खर्ब ७८ अर्ब छ करोड बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

वित्तीय व्यवस्था शीर्षकमा चैत मसान्तसम्मको खर्च रु ५९ दशमलव २३ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि यो शीर्षकमा सरकारले रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ प्रतिशत बराबर विनियोजन गरेकामा वार्षिक विनियोजनको ५९ दशमलव २३ प्रतिशत खर्च भएको हो ।

यो अवधिको राजस्व सङ्कलन पनि कमजोर छ । कुल रु १४ खर्ब १९ अर्ब ३० करोड बराबर राजस्व उठाउने लक्ष्य राखिएकोमा चैत २९ गतेसम्म रु आठ खर्ब २१ अर्ब ६७ करोड बराबर मात्रै राजस्व उठेको छ । यो वार्षिक लक्ष्यको ५७ दशमलव ८९ प्रतिशत बराबर हो ।

त्यस्तै, यस वर्ष रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको रु २७ दशमलव २७ प्रतिशत अर्थात् रु १४ अर्ब २६ करोड ८८ लाख बराबर मात्रै अनुदान उठेको छ ।

नगरकोट भ्रमण वर्ष-२०८२

# न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्त हुनुपर्छ : राष्ट्रपति

■ प्रभाव संवाददाता

**अर्थतन्त्रमा सुधार गरी संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्नुपर्छःराष्ट्रपति पौडेल**

**भक्तपुर –** राष्ट्रपति रामचन्द्र पौडेलले न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्ति लिँदै नेपाली अर्थतन्त्रमा सुधार गरी संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्नुपर्ने बताएका छन् ।

नगरकोटको बतासे डाँडामा शनिबार आयोजना गरिएको 'नगरकोट भ्रमण वर्ष-२०८२' को शुभारम्भ कार्यक्रममा उनले संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र नेपाली जनताले चाहेको तीव्र विकासको आकांक्षा पूरा गर्नु सबैको साझा दायित्व भएको बताए ।

'पर्यटन, कृषि, जलस्रोत, ऊर्जा, सूचना प्रविधि र उद्योगधन्दा मुलुकको अर्थतन्त्रको मूल मेरुदण्ड हुन् । आर्थिक वृद्धिका लागि यी क्षेत्रमा विद्यमान समस्या समाधान गरेर उपयुक्त नीति, कानुन र अवसरको सिर्जना गर्नु राज्यको प्राथमिक दायित्व हो । रोजगारीका अवसर सिर्जना, लगानीयोग्य वातावरण निर्माण, उत्पादनको लागत घटाएर प्रतिस्पर्धा प्रवर्द्धन गरी औद्योगिकरणलाई बढावा दिनु पनि उत्तिकै जरूरी छ', राष्ट्रपति पौडेलले भने, 'न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्ति लिँदै नेपाली अर्थतन्त्रमा सुधार गरी संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणसहित तीव्र विकासको आकांक्षा पूरा गर्नु सबैले भूमिका खेलौँ ।'

सांस्कृतिक, ऐतिहासिक, धार्मिक धरोहरलाई आर्थिक विकासमा रूपान्तरण गर्न पूर्वाधारको विकास र कौशल बढाउनुपर्ने आवश्यकता औँल्याउँदै राष्ट्रपति पौडेलले यस क्षेत्रको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति, सभ्यतालाई नेपाल र विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आयआर्जन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिने प्रचुर सम्भावना रहेको बताए ।



उनले भने, 'पर्यटकीय उपजहरूको व्यवसायीकरण गरी यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्न आवश्यक छ । पर्यटकीय वस्तुको विकास, बजारीकरण र सहज पहुँचको व्यवस्था गरी नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्दछ ।'

राष्ट्रपति पौडेलले काठमाडौंको उकुसमुकसबाट उम्केर प्रकृतिमय क्षण व्यतित गर्ने उत्कट चाहना राख्नेका लागि नगरकोट नजिकको रोजाइस्थल भएको उल्लेख गर्दै यो क्षेत्र संस्कृति, प्रकृति, इतिहास र भौगोलिक आकर्षणका लागि गौरव भएको उल्लेख गरे । 'जसले देश विदेशमा चिनाउन र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न योगदान दिएको छ । यसलाई अझै विकसित, आधुनिक र सुविधा सम्पन्न बनाउन स्थानीय बासिन्दा, उद्यमी, पर्यटन व्यवसायीसहित संघ, प्रदेश र विशेषत यहाँका चारवटै नगरपालिकाको सहकार्य बढी अपेक्षित रहेको मैले ठानेको छु', उनले भने ।

राष्ट्रपति पौडेलले उत्तरतर्फका सुन्दर हिमश्रृंखला, सूर्योदय र सूर्यास्त एवं सुन्दर काठमाडौं उपत्यका अवलोकनको लागि स्वदेशी तथा विदेशी पर्यटकबीच नगरकोटको महिमा अधिक रहेको उल्लेख गरे । 'यसको निकटमा अवस्थित विश्वसम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर, पौराणिक प्रसंग जोडिएको महादेव पोखरी, मञ्जुश्री गुफा, ऐतिहासिक भंगेरी र पुतली दरबार, शङ्खरापुर नगरपालिकाको प्रसिद्ध शालीनदी तथा बज्रयोगिनी माईको मन्दिर एवं साँखु बजारको ऐतिहासिक, पुरातात्विक सम्पदासँगै यसलाई केन्द्रमा राखेर विस्तार हुँदै गएको पदयात्रा मार्गले यहाँको पर्यटकीय गतिविधिलाई बढाएको छ', उनले भने ।

नगरकोटलाई मूलविन्दु बनाएर चारवटै नगरपालिकाले आ-आफ्नो क्षेत्रका सम्पदा एवं ऐतिहासिकस्थलको प्रवर्द्धन गर्न अगाडि बढ्नु प्रशंसनीय रहेको भन्दै राष्ट्रपति पौडेलले पर्यटन पूर्वाधारको विस्तार र सहज आवागमनका लागि सडकको स्तरोन्नति गर्नेतर्फ ध्यान दिन जरूरी रहेको बताए । उनले नगरकोट भ्रमण वर्षले विकासको प्रमुख आधारशीला पर्यटन क्षेत्रबाट लाभ लिएर मुलुकको आर्थिक समृद्धिमा योगदान दिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नगरकोटको ऐतिहासिक, सम्पदा, पर्यटकीय स्थललगायतको महत्व अधिक रहेको चर्चा गर्दै भ्रमण वर्षले यस क्षेत्रसँग जोडिएका चार पालिकसँगै धुलिखेल, पनौती, नमोबुद्ध, शिवपुरी, चन्द्रागिरिसम्म पर्यटनको विकास हुने बताए । महाभूकम्प र कोरोना महामारीपछि थला परेको पर्यटन क्षेत्र पछिल्लो समय सुधारोन्मुख रहेको भन्दै उनले तीन तहलाई चलायमान बनाउँदै आर्थिक वृद्धि र लगानीमैत्री वातावरण बनाउन सरकार अगाडि बढिरहेको बताए ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री गोकुल बाँस्कोटा, बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, मण्डन देउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबा, र बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यलगायतले बोलेका थिए ।

## 'स्वनिगः' सहरमा नयाँ गन्तव्य बनाउँदै शेष घले

■ प्रभाव संवाददाता

**भक्तपुर–** भक्तपुरमा लक्जरीय ५ तारे रिसोर्ट स्वनिगः बनाउन भूमि पूजा गरिएको छ । ६० भिल्लाको यो रिसोर्ट साढे वर्षमा बनाउने घोषणा गरिएको छ । रिसोर्टमा ४ अर्ब ७५ करोड रूपैयाँ भन्दा बढी लगानी हुने भएको छ । यो रिसोर्ट गैरआवासीय नेपाली शेष घले र नेपाली होटल व्यवसायी अमृतरत्न शाक्यसहितको लगानीमा बनाउन लागिएको हो ।

भक्तपुरको सूर्य बिनायकमा स्वनिगः रिसोर्ट प्रालिले नयाँ गन्तव्य विकास गर्ने भएको छ । नयाँ वर्षको दिन स्वनिगः रिसोर्ट प्रालिले भक्तपुरको सूर्यविनायक नगरपालिकामा पर्ने गुण्डुस्थित आफ्नो जमिनलाई अत्याधुनिक पाँचतारे सम्पत्तिमा विकास गर्ने उद्देश्यले एक महत्वपूर्ण कदम चाल्दै स्थानीय समुदायका अगुवाहरूको सहभागितामा भूमि पूजा कार्यक्रम सम्पन्न गरेको हो ।

इम्प्लिमेन्टिङ एक्सपर्टस् ग्रुप (आईईजी) ले एस एन्ड जेजी होल्डिङ्स (अस्ट्रेलिया) सँगको संयुक्त अवधारणामा सञ्चालन गर्न लागिएको उक्त स्थानमा अन्तर्राष्ट्रिय ब्रान्डको पाँचतारे होटल, टाइम-सेयर मोडेलका भिल्ला तथा विभिन्न मनोरञ्जन केन्द्रहरू समावेश गरी सञ्चालन गर्न लागिएको उक्त प्रोपर्टी नयाँ नेपाली ब्रान्ड 'स्वनिगः' अन्तर्गत सञ्चालन हुनेछ ।



स्वनिगः नेवारी शब्द हो जसको अर्थ काठमाडौं (येँ), ललितपुर (यलाः) र भक्तपुर (ख्वपः) समेटिएको काठमाडौं उपत्यका भएको जनाउँदै उक्त परियोजनाले उपत्यकामा सहअस्तित्वमा रहेको स्थापत्य (पर्फर्मिङ आर्ट) कला, परम्परागत हस्तकला, खाद्य संस्कृति र इतिहास जस्ता अमूर्त सांस्कृतिक सम्पदासहित परम्परागत संरचनालाई पुनर्निर्माण गर्ने लक्ष्य राखेको छ । प्रस्तावित प्रोपर्टी निर्माणस्थल सुन्दर हिमशृंखला देखिने घना जंगलले घेरिएको पहाडी थुम्कोमा रहेको छ, जुन 'सुतिरहेका बुद्ध शाक्यमुनि'को अगाडिपट्टि रहे जस्तो देखिन्छ । यहाँबाट उपत्यकाका प्राचीन तीन सहर येँ, यलः र ख्वपःका विहंगम दृश्य देखिन्छ ।

यो महत्वाकांक्षी परियोजना नेपाली संस्कृति, सम्पदा र संगीतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पारखी र प्रकृतिप्रेमीका लागि उत्कृष्ट गन्तव्य विश्वास गरिएको छ । यो गन्तव्यले स्थानीय समुदायको उत्थान गर्दै नेपाली र स्थानीय सम्पदाको प्रवर्द्धन गर्ने लक्ष्यसहित नेपाली तथा विदेशी पाहुनाका निम्ति बिलासी पर्यटकीय गन्तव्य र गुणस्तरीय तथा स्वस्थ जीवनशैलीमा जोड दिने परिपूर्ण वेलनेस सेन्टरका रूपमा विकास गरिने जनाइएकोछ ।

आइईजीको प्रतिनिधित्व अमृतरत्न शाक्य र सुबर्णकृष्ण श्रेष्ठले गरिरहेका छन् । गैरआवासीय नेपाली (एनआरएन) का पूर्व अध्यक्ष शेष घले र जमुना घलेको स्वामित्व रहेको एस एन्ड जेजी इन्भेस्टमेन्ट्स प्रालि प्रत्यक्ष विदेशी लगानी (एफडीआइ) कम्पनी हो । एस एन्ड जेजीले आफ्नो सहायक कम्पनी एमआईटी ग्रुप होल्डिङ्समार्फत यसअघि नै काठमाडौंको मुटु कान्तिपथमा एउटा पाँचतारे होटल निर्माण भइरहेको उक्त होटल केही समयमा सञ्चालन गरिने जनाइएको छ ।

एस एन्ड जेजीले काठमाडौंबाहिर पनि अन्य पर्यटनसम्बद्ध व्यावसायिक अवसरहरूको सक्रियतापूर्वक अन्वेषण गरिरहेको छ । र ऊर्जा क्षेत्रमा पनि हात हाल्ने यसको लक्ष्य छ । ४ अर्ब ७५ करोड रूपैयाँभन्दा बढी लगानी रहने अनुमान गरिएको यो परियोजनामा टाइम-सेयर मोडलका ६० वटा भिल्ला रिसोर्ट र एउटा अन्तर्राष्ट्रिय ब्रान्डको पाँचतारे होटल रहनेछ । यो परियोजना सन् २०२७ को नोभेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएको छ । यो सम्पत्ति माइस (मिटिङ, इन्सेन्टिभ, कन्फेरेन्स, एक्जिबिसन), इभेन्ट, अन्तर्राष्ट्रिय सेमिनार, डेस्टिनेसन वेडिङ हब (वैवाहिक कार्यक्रमको गन्तव्य), लाइभ संगीत प्रदर्शनस्थल, एम्फिथिएटर (कला, संस्कृति र संगीतको जीवन्त प्रदर्शन), योग, ध्यान, आध्यात्मिक साधना र रक क्लाइम्बिङ, हाइकिङ, साइक्लिङ जस्ता खेलकुद गतिविधिहरूमा विशेष जोड दिँदै खानपान र स्वास्थ्य तथा मनोरञ्जनका लागि उत्कृष्ट गन्तव्यको रूपमा विकास हुने विश्वास लिइएको छ ।

## बजेट अभावमा सडक निर्माण रोकियो

■ प्रभाव संवाददाता

**म्याग्दी–** बजेट अभावका कारण गण्डकी प्रदेश सरकारद्वारा बहुवर्षीय ठेक्कामार्फत म्याग्दीमा सञ्चालित छ वटा सडक स्तरोन्नति योजना निर्माण रोकिएको छ ।

बजेट अभावमा काम गरेको बिलको भुक्तानी नपाएपछि निर्माण व्यवसायीले सडक निर्माण स्थगित गरेका हुन् । बेनी-पाखापानी सडक योजनाको निर्माण कम्पनीका प्रतिनिधि सुवासचन्द्र कार्कीले सरकारले बजेट व्यवस्थापन गर्न नसकेपछि निर्माण स्थगित गरेको बताए ।

'दुई/तीन वर्षअघिसम्म निर्माण व्यवसायीले काम गर्न नसकेर बजेट खर्च हुन नसक्ने अवस्था थियो,' उनले भने, 'अहिले हामीले दुई वर्षको काम एक वर्षमा सक्छौं भन्दा पनि सरकारले बजेट दिन सकेन ।'

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु दुई करोड विनियोजन गरेको बेनी-पाखापानी सडक योजनाको रु एक करोड ९४ लाख छ महिनामै खर्च भएको थियो । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०८१ जेठ २० गते रु एघार करोड ७६ लाख १२ हजारमा मंगलादेवी सुवास कन्ट्रक्सन प्रालि र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच ठेक्का सम्झौता भएको यो आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको छ ।

दरवाङ-धारापानी-ताकम-मुना सडकको लागि विनियोजन भएको रु दुई करोड बजेट पनि गत पुस महिनामै सकिएको थियो । चार किलोमिटर दुरीको यो सडक स्तरोन्नतिका लागि विसं २०८१ जेठ २० गते रामसागर - बिएस धौलागिरि जेभी र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच रु १४ करोड ६१ लाख ६१ हजारमा ठेक्का सम्झौता भएको थियो । गत वर्ष बेनी-पाखापानी सडकमा रु चार करोड र दरवाङ-धारापानी-ताकम-मुना सडकमा रु पाँच करोड बजेट थियो । बेनी-पाखापानी र दरवाङ-धारापानी-ताकम-मुना मात्र नभएर जिल्लामा प्रदेश सरकारले सञ्चालन गरेका सबै सडक र मोटरेबल पुल आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजन भएको सकिएको छ ।

बेनी नगरपालिका र मंगला गाउँपालिका जोड्ने अर्जेखोलाको मोटरेबल पुलका ठेकेदारले गत असारमै लक्ष्य भन्दा एक वर्ष अघिनै काम सकेपनि अझै भुक्तानी पाएका छैनन् । पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख विष्णुप्रसाद पौडेलले विनियोजित बजेट भुक्तानी भइसकेको र रकमान्तर अथवा थप बजेट व्यवस्थापन नहुँदा निर्माण व्यवसायीलाई भुक्तानी दिन नसकेको बताए ।

'म्याग्दीका सडक र पुलका पुरानो एक वटासहित १० वटा बहुवर्षीय आयोजनामध्य आठ वटाको निर्माणाधीन छन्,' उनले भने ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ